small arms survey

नेपालमा सशस्त्र हिंसाको अनुगमन

विषय प्रस्तुति

NEPAL ARMED VIOLENCE ASSESSMENT

अङ्क ३, नोभेम्बर २०१३

# जोखिमपूर्ण व्यापार ?

## नेपाली निजी क्षेत्रमा अपराध र सुरक्षाप्रतिको दृष्टिकोण

### परिचय

तेह्र हजार भन्दा बढि मानिसको ज्यान गुमेको र करिब २ लाख[1] अन्य मानिस आन्तरिक विस्थापनमा परेको एक दशक लामो द्वन्द्व २००६मा समाप्त भएपश्चात निरन्तर सङ्क्रमणकालीन अवस्थामा जकडिएको नेपाल अझैपनि राजनैतिक, आर्थिक र भौतिक असुरक्षामा आक्रान्त छ। चारमा एक नेपाली गरिबीको रेखा मुनिजिउँछन् (सि.बि.एस., २०११क, पृ. १८) र गरिबी सँगसँगै अक्सर नेपालीहरूले सामना गर्ने सबैभन्दा ठूलो समस्याको रुपमा बेरोजगारीलाई हेरिन्छ (राको भिटा, मुरे र शर्मा, २०१३; आइ.डि.ए. र सेफर वर्ल्ड, २००९; २०१०) यस सन्दर्भमा, सामाजिक र आर्थिक अवस्था सुधारमा व्यवसायहरूले[2] महत्वपूर्ण भूमिका खेल्छन् ।

नेपालले आफ्नो गृहयुद्धमा अनुभव गरेको जस्तो हिंसाले मानव जीवन मात्र प्रभावित पार्दन, बल्कि पूंजी रित्याउँदै, पूर्वाधारहरू नष्ट गर्दै, उत्पादकत्वमा कमी ल्याउँदै, र रोजगारीका अवसरमा कमी ल्याउँदै, जीविको पार्जनलाई पनि ध्वस्त पार्छ (डि मार्टिनो, २०१२) जेनेभा घोषणा, २०१०) । तर सन् २००७ देखि, युद्धले क्षति पुगेको नेपालको अर्थतन्त्रले सुधार र नवीकृत लगानीका सकारात्मक संकेतहरू देखाउन थालेको छ । तर सँगसँगै, अस्थिर राजनैतिक अवस्था र व्याप्त आपराधिक क्रियाकलापले व्यवसायिक क्षेत्रमा नकारात्मक असर पारिरहेकै छ । व्यवसायिक समुदायले सामना गरिरहेका चुनौतीहरू र प्रमुख औद्योगिक कोरिडोरका नेपाली आर्थिक क्षेत्रमा अपराधले कत्तिको असर गरेको छ भन्ने बुझ्न, साना हतियार सर्वेक्षण र एकीकृत विकास अध्ययन केन्द्र (आइ. आइ.डि.एस) ले सात प्रमुख औद्योगिक कोरिडोरमा अवस्थित १६० नेपाली व्यवसाय हरूको सर्वेक्षण गरेको थियो : काठमाडौं उपत्यका, मोरङ्ग-सुनसरी, बारा-पर्सा-मकवानपुर, पोखरा,बुटवल-भैरहवा, बाँके, र कैलाली-कञ्चनपुर । यस विषय प्रस्तुतिले



एक यात्री आमहड्तालमा शटर बन्द गरिएका पसल अगाडि साइकल धकेल्दै, काठमाडौं, मार्च २००६ । फ प्रकाश माथेमा/एएफपी

नेपाली व्यवसायहरूको २००७ देखि २०१२ सम्मको सुरक्षाको बोध र अनुभव, अपराधका प्रकार र क्रम, हिंसाका पात्र र साधन, व्यहोर्नुपरेका क्षति र अपराध रोकथामका लागि चालिएका कदमहरूको खोजी गर्नेछ । पत्ता लागेका प्रमुख कुराहरूले निम्न समेट्छन्:

- सत्तरी प्रतिशत उत्तरदाताले २०१२ मा अस्थिर राजनैतिक अवस्थालाई व्यवसायिक क्रियाकलापको सबैभन्दा ठूलो अवरोधका रुपमा बताए, जसपछि बदलिरहने इन्धन मुल्य (५८ प्रतिशत) र व्याजदर (३५ प्रतिशत) थिए ।
- बहुसङ्ख्यक उत्तरदाताले (८० प्रतिशतभन्दा बढि) उनीहरूको आफ्नै परिसरमा २००७ र २०१२ को बिचमा कम्तीमा एक अपराधको अनुभव गरेको बताए । अपराधका पीडित व्यवसायहरूमध्ये, १६ प्रतिशतले पाँच वा सोभन्दा बढि घटना अनुभव गरेका थिए । बताइएका सबै घटनामध्ये, सबैभन्दा बढि चोरी भएको (बताइएकामध्ये ३० प्रतिशत), र त्यसपछि जबरजस्ती असुली (२४ प्रतिशत) र तोडफोड (२० प्रतिशत) रहेका छन् । काठमाडौँमा, व्यवसायहरूले बताएकामध्ये झण्डै ६० प्रतिशत अपराधमा चोरी रहेको छ ।
- अस्थिरताका कारण चुकाउनुपर्ने अप्रत्यक्ष मुल्यको तुलनामा अपराधबाट हुने नोक्सान सापेक्षिक रुपमा कम छन् । यस सर्वेक्षणका उत्तरदाताहरू, जो २००७ र २०१२ का बिचमा अपराधबाट पीडित थिए, उनीहरूले अपराधबाट भएको प्रत्यक्ष नोक्सान झण्डै नेरु २ करोड २० लाख (२५०,८०० अमेरिकी डलर) भएको बताए ।[३] त्यस विपरित, देशव्यापी हडताल र बन्द जस्ता अस्थिरताका कारण हुने नोक्सानको आँकलन नेरु ६८ करोड देखि २ अर्ब (७८ लाख अमेरिकी डलर र २ करोड २८ लाख अमेरिकी डलर) भएको गरियो ।
- व्यवसायहरूले औपचारिक सुरक्षा प्रदानका व्यवस्थालाई सकारात्मक रुपले हेरेका र अपराध विरुद्ध प्रहरीको कार्यसम्पादनको सराहना गरेका छन्, जसमा ६० प्रतिशतले प्रहरी को कार्यसम्पादनमा सर्वेक्षण गरिएको वर्षअघिभन्दा सुधार आएको बताए ।
- धेरै व्यवसायहरूले अपराधलाई टाढा राख्न वा रोकथाम गर्ने तरिका अनाउँछन्, जस्तै सशस्त्र वा निशस्त्र सुरक्षागार्ड, तार बार,झ्यालमा विशेषप्रकारको सुरक्षा, प्रवेशमा नियन्त्रण प्रणाली र क्लोज सर्किट टि.भि.राख्ने गरेका छन्। बहुसङ्यक व्यवसायहरूले (८५ प्रतिशत) ले अपराध विरुद्धको संयुक्त प्रयासमा भागीदार हुने इच्छा व्यक्त गरे ।

यस विषय प्रस्तुति चार खण्डमा विभाजन गरिएको छ । यो सुरक्षा सम्बन्धि दृष्टिकोणको विश्लेषणबाट सुरु हुन्छ र व्यवसायिक क्षेत्रमा २००७-१२ मा भएको अपराध र अत्याचारलाई हेर्छ । त्यसपछि यसले अपराध र हिंसाका साधनहरूबारेको दृष्टिकोण केलाउँछ, र तत्पश्चात अपराध र अस्थिरताका कारण व्यवसायहरूले भोग्नुपरेका नोक्सानको समिक्षा गर्छ, जुन गृहयुद्ध अझै रहेका नोक्सानमा पर्छन् । अन्त्यमा, यसले सुरक्षाप्रदायकहरू र अपराध रोकथाम गर्न व्ययसायहरूले अपनाएका सुरक्षाका तरिकाबारे खोज गर्छ ।

## बक्स १ व्यवसायिक सर्वेक्षणको केन्द्रमा : नमूना चयन र विधि

सर्वेक्षणले नेपालका प्रमुख व्यवसायिक क्षेत्रका, उद्योग विभागले पहिचान गरेको (२०१२), १६० उद्योगहरूलाई समेटेको छ, जसमा उत्पादन, सेवा, पर्यटन, कृषि र निर्माण पर्छन् ।[४] यी क्षेत्रहरूले, सबै आर्थिक गतिविधिका औद्योगिक वर्गीकरणको अन्तर्राष्ट्रिय मापदण्डमा (आइएसआइसि)[५] आधारित रहेर विभिन्न क्रियाकलापमा संलग्न उद्योगहरूलाई समाविष्ट गर्छ, अर्थात् उत्पादन, कृषि, वन, र मत्स्यस सूचना र संचार शिक्षा मानव स्वास्थ्य प्रशासनिक र सेवाकार्य वित्तिय र बीमा कार्य र कला र मनोरञ्जन (यूएनएसटिएटिएस, २०१३) । व्यवसायहरूका दर्ता सङ्ख्याका आधारमा प्रमुख औद्योगिक कोरिडोरबाट व्यवसाय र उद्योगहरू छानिएका थिए, अर्थात् काठमाडौँ उपत्यका (मध्यमाञ्चल क्षेत्र, जसले नमूनाको २० प्रतिशत ओगट्छ), मोरङ्ग-सुनसरी (पूर्वाञ्चल क्षेत्र, २० प्रतिशत), बारा-पर्सा-मकवानपुर (मध्यमाञ्चल क्षेत्र, २० प्रतिशत), पोखरा (पश्चिमाञ्चल क्षेत्र, २० प्रतिशत) , बुटवल-भैरहवा (मध्यमाञ्चल क्षेत्र, १० प्रतिशत), बाँक (मध्यपश्चिमाञ्चल क्षेत्र, १० प्रतिशत), र कैलाली-कञ्चनपुर (सुदूर पश्चिमाञ्चल क्षेत्र, १० प्रतिशत) । व्यवसायहरूलाई विभिन्न क्षेत्रमा हालको आर्थिक क्रियाकलापको परिमाणका आधारमा पनि छनोट गरिएको थियो, अर्थात् त्यस क्षेत्रको सापेक्षिक आकार र विभिन्न कोरिडोरमा तिनीहरू अवस्थित स्थान (तालिका १ हेर्नुस्) । उर्जा र खानी क्षेत्रबाट कुनैपनि व्यवसाय छनोट गरिएको छैन ।

नमूनाले ३ देखि १००० सम्म कामदार भएका साना, मझौला, देखि ठूला कम्पनीहरू समाविष्ट गरेको छ, जुन यसप्रकार छन्: ३-१० कामदार (नमूनाको ११ प्रतिशत), ११-५० कामदार (नमूनाको ४२ प्रतिशत), ५१-१०० कामदार (नमूनाको १९ प्रतिशत), १०१-५०० कामदार (नमूनाको २४ प्रतिशत), र ५०१-१००० कामदार (नमूनाको ४ प्रतिशत) ।

संयूक्त राष्ट्र सङ्घको व्यवसाय विरुद्धको अन्तर्राष्ट्रिय अपराध सर्वेक्षणको प्रश्नावलीलाई नमूना आधार मानेर तयार पारिएको पूर्व संकेतबद्ध प्रश्नावली प्रयोग गरि कागज-कलम अन्तरवार्ता प्रत्यक्ष तरिकाले गरिएको थियो । प्रश्नावली पहिले अंग्रेजी भाषामा तयार पारि, अनि नेपालीमा अनुवाद गरिएको थियो । यिनमा, व्यवसायको स्थापनास उत्तरदाताको कम्पनीमा पदस र अपराध र जोखिम, उत्पीडनको अनुभव, अपराधको रिपोर्टिङ्ग, कानून अवलम्बन र सुरक्षा व्यवस्थाप्रति उत्तरदाताका दृष्टिकोण सम्बन्धि प्रश्नहरू समावेश गरिएका थिए । अगस्ट २०१२ मा एक आरंभिक सर्वेक्षण काठमाडौँ उपत्यकाका व्ययसायहरूमा गरिएको थियो, र उत्तरदाताका सल्लाह र सुझाव अनुसार थप प्रश्नहरू राखि अन्तिम प्रश्नावली तयार पारियो । प्रतिक्रिया दर १०० प्रतिशत थियो ।

तालिका १ **क्षेत्रका आधारमा नमूना आकार छनोट**

| क्षेत्र | नमूना आकार | नमूनाको % | सम्पूर्ण आर्थिक क्रियाकलापको % |
|---|---|---|---|
| उत्पादन | ५२ | ३२.५ | ४७.२ |
| पर्यटन | १९ | ११.८ | १७.४ |
| निर्माण | १९ | ११.८ | ०.८ |
| कृषि | १७ | १०.६ | ४.५ |
| बैंकिङ्ग | १८ | ११.३ | ६.९ |
| स्वास्थ्य | ११ | ६.९ | ६.९ |
| शिक्षा | १४ | ८.८ | ६.९ |
| संचार | १० | ६.३ | ६.९ |
| उर्जा सम्बन्धि* | ० | ० | १.८ |
| खानी सम्बन्धि* | ० | ० | ०.७ |
| जम्मा | १६० | १०० | १०० |

*नमूनामा समावेश नगरिएको स्रोतः आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

## व्यवसायीक वातावरणः अपराध, सुरक्षा र जोखिमप्रतिको दृष्टिकोण

अप्ठेरो भूभाग भएको भूपरिवेष्ठित राष्ट्रका रुपमा, नेपालले भौगोलिक र ऐतिहासिक चुनौतीहरू पार गरेर मात्र गृहयुद्धबाट बिग्रेको अर्थतन्त्रलाई सुधार गर्न सक्छ । देशको हिमाली क्षेत्रमा पूर्वाधार विकास ज्यादै कठिन र महँगो पर्न जान्छ । विकासको न्यूनतालाई ऐतिहासिक सामाजिक, जातीय, र राजनैतिक असमानताले झन् बढावा दिन्छन् (उप्रेति र साथीहरू , २०१०) । २००६ मा द्वन्द्व समाप्तिपछि देशको आर्थिक सम्भावना बढेको छ (तालिक २), जसपछि समग्ररुपमा गरिबीको दर[६] घटेको छ वैदेशिक लगानी[७] बढेको छ , र वित्तिय क्षेत्रमा उल्लेख्य फैलावट आएको छ (यूएसएआइडि, २०१०, पृ.viii) । २००६मा भएको बृहत शान्ति सम्झौताको करिब सात वर्षपछि पनि देशको युद्धले क्षतिग्रस्त अर्थतन्त्र अझै नाजुक छ र द्वन्द्वका असरहरू अझै अनुभव गर्न सकिन्छ । मानव जीवनको ठूलो क्षति, ठूलो मात्रामा विस्थापन (आइडिएमसि, २०१२), उत्पादन कार्यमा बाधा, र लगानीमा कमी सँगसँगै, द्वन्द्वको परिणाम स्वरुप आधारभूत संरचनाहरू क्षतिग्रस्त भए, जस्तै भवनहरू, बाटा,[८] विद्युतीय उर्जाकेन्द्र,[९] दुरसंचार का टावरहरू, आदि ( रा र सिंह, २००५) । यसले गर्दा उर्जा आपूतिमा ह्रास र सामान ढुवानीमा बाधा आयो (जसले खाद्यान्न अभाव हुनगयो) र सेवा प्रदानमा रोकावट आयो (उप्रेति र घिमिरे, २०११), जसकारण साना र ठूला व्यवसायहरूलाई उत्तिकै नकारात्मक असर पर्यो ।

द्वन्द्वमा भएका भौतिक क्षतिसँगै, छापामार युद्धका बेला व्यवसायहरू विशेष निशानामा परे, चाहे छापामारहरूका लागि आयस्रोतका रुपमा हुन् वा तथाकथित "वर्गीय शत्रु" का रुपमा (अलेक्ज्याण्डर, गुन्डुज, र सुवेदि, २००९, पृ. २०) । धेरैको तोडफोड गरिए, गैरकानूनी कर तिराइए, र जबरजस्ती असुली उठाइए (उप्रेति र घिमिरे, २०११ सएनसिसिआर,२०१२), विशेषगरि बहुराष्ट्रिय कम्पनि र पुराना सभ्रान्तहरूसँग सम्बद्ध भनेर विश्वास गरिएका नेपाली ठूला कम्पनी र व्यवसायहरू (शर्मा, २०१०, पृ. ५१) । सामाजिक, राजनैतिक, र आर्थिक समानताको खोजले डोऱ्याएको द्वन्द्वकालले मजदुर युनियन क्रियाकलाप, र नीजि क्षेत्रलाई आफ्नो रोजगार नीति बदल्न दबाब दिनका लागि विरोध र हडतालमा वृहतता ल्यायो (शर्मा, २०१०) । कम्पनीहरूले प्रतिक्रिया स्वरुप विभिन्न सामनाका रणनीति अपनाए, जसमा क्षणिकरुपमा काम रोक्नेदेखि छिमेकी भारतमा सार्न वा आफ्नै सुरक्षार्थ भारी रकम खर्च गर्ने गरे (जोरस, २००८, पृ. ३३), जसले व्यापारको समग्र लगानी बढायो । सबै कम्पनी वा क्षेत्रमा युद्धले नकारात्मक असर भने पारेन । कसैले नाफा कमाएको बताएका छन्, जस्तै वायुसेवा कम्पनीहरू, जसले यात्रुहरू तुलनात्मक रुपमा जोखिमपूर्ण स्थलयात्राका साटो वायुयात्रा गर्ने विकल्प रोजेका कारण आफ्नो आम्दानी बढाए (ज्योति र साथीहरू, २००६, पृ. १५) । सामान्यतया, जेहोस्, बृहत अर्थशास्त्रको सूचकहरूले औंल्याए अनुसार एक दशक लामो द्वन्द्वले आर्थिक क्षेत्रमा ठूलो क्षति पुऱ्यायो,[१०] जसले द्वन्द्वपश्चात सुधारका प्रयासहरूको आवश्यक्तामा जोड दिन्छ ।

सामाजिक आर्थिक असमानताले द्वन्द्वको उत्प्रेरकको काम गऱ्यो र सङ्क्रमणकालमा आर्थिक सुधारलाई गर्नुपर्ने कामको सूचीको अग्रस्थानमा राख्यो । २००६ को वृहत शान्ति सम्झौताले राष्ट्रिय उद्यमको प्रवर्धन, भूमिसुधार, आर्थिक सुरक्षा, रोगार र मजदुर अधिकारका व्यवस्थालाई समावेश गऱ्यो (नेपाल, २००६) । तैपनि, यसले कार्यदिशाको रुपरेखा भने दिएन, शायद यी लक्ष्य हासिल गर्नेक्रमका पात्रहरू बिचको अनबन छल्न त्यसो गरियो (वेन्म्यान, २००९, पृ. १९) । बृहद शान्ति सम्झौता पश्चात, दाताहरूको पैसा नेपालमा भित्रिने क्रम बढ्नुसँगै, "कसरी" आर्थिक सुधार प्रवर्धन गर्नेभन्ने प्रश्न फेरि उठ्न थाल्यो, र धेरैले नीजि क्षेत्रलाई "सम्पति सृजना गर्ने यन्त्र" का रुपमा पहिचान गरे (डिएफआइडि नेपाल, २०१२, पृ. ३) दातृसहयोगको आगमन र व्यवसायीक कदमहरूसँगै, केहि आर्थिक सूचकहरूले वास्तविक कुल ग्राहस्थ उत्पादनको बृद्धिमा सकारात्मक संकेत देखाएका छन्: नेपालको कुल ग्राहस्थ उत्पादनको बृद्धि २०१०- ११को ३.९ प्रतिशतको तुलनामा, २०११- १२मा ४.६ छ (यूकेटिआइ, २०१२) । यस उत्साहजनक दृष्यका बावजूद, व्यवसायीक क्षेत्रले युद्धका क्षतिका कारण फैलिएका र युद्धपश्चातका अस्थिरताका कारण आएका असंख्य चुनौतीको सामना गर्नु परिरहेको छ ।


संरचनागत चुनौतीहरूलाई राजनैतिक अस्थिरता, अपराध, र असुरक्षाले झन् बढाएको छ । सर्वेक्षणका उत्तरदाताहरूले बिग्रंदो राजनैतिक अवस्थालाई नेपाली व्यवसायहरूले सामना गरिरहेको एक महत्वपूर्ण समस्याका रुपमा हेरेको पाइयो (७० प्रतिशत), सुरक्षा अवस्था भन्दा धेरै माथी (२२ प्रतिशत) (चित्र १ हेर्नुस्) । यो कुरा २०११ को व्यवसायीक अपेक्षाको सर्वेक्षणमा पत्ता लागेका भन्दा विपरित पाइए, जसमा, नेपालमा व्यवसाय गर्न सबैभन्दा ठूलो अवरोध सरकारी नियम भएको, र त्यसपछि श्रमबजारको समस्या (हडतालका असर सहित) र आर्थिक स्रोतको अभाव, भन्ने पत्ता लागेको थियो (आइआइडिएस, २०११, पृ.१०-१२) ।

तालिका २ **नेपालको मुख्य आर्थिक तथ्याङ्क**

| | कुल ग्राहस्थ उत्पादन (हालको अमेरिकी डलरमा) | वार्षिक कुल ग्राहस्थउत्पादन बृद्धिदर (प्रतिशत) | कुल राष्ट्रिय आय (हालको अमेरिकी डलरमा)एटलास विधि | प्रत्यक्ष वैदेशिक लगानी (अमेरिकी डलरमा) | व्र्षिक मुद्रास्फिति (कुल ग्राहस्थ उत्पादनको %) | व्यवसाय सुरु गर्न लाग्ने लागत (प्रतिव्यक्ति कुल राष्ट्रिय आयको %) |
|---|---|---|---|---|---|---|
| २००७ | १०.३ अर्ब | ३ | ९.८ अर्ब | ५७ लाख | ७.६ | ७३.९ |
| २००८ | १२.५ अर्ब | ६ | ११.६ अर्ब | १० लाख | ५.६ | ६०.२ |
| २००९ | १२.९ अर्ब | ५ | १३.० अर्ब | ३ करोड ८० लाख | १५.९ | ५३.६ |
| २०१० | १६.० अर्ब | ५ | १४.६ अर्ब | ८ करोड ८० लाख | १५.१ | ४६.६ |
| २०११ | १९.० अर्ब | ४ | १६.६ अर्ब | ९ करोड ४० लाख | १०.४ | ३७.१ |
| २०१२ | १९.४ अर्ब | ५ | १९.२ अर्ब | ९ करोड २० लाख | ८.७ | ३३.० |

प्रतिशत देखाइएको स्रोतः आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

चित्र १ **नेपाली व्यवसायीक कम्पनीहरूलाई सबैभन्दा बढि असर गरिरहेका ब्यावधानहरू,** २०१२ (न=१६०)




नोटः एकभन्दा बढि प्रतिक्रियाको सम्भावना हुन्छ; प्राप्त उत्तरहरूको

सङ्घीयताको विषयमा बारम्बार हुने राजनैतिक मनमुटाव, चार जनादेश नवीकरणका बावजूद पनि संविधानसभाले नयाँ सविधान बनाउन असक्षम हुनु, र मे २०१२ मा सभा विघटनले अनिश्चितता बढाएको र अन्पकालीन धमिलो आर्थिक चित्रण प्रस्तुत गरेको छ । टिकाउ राजनैतिक सम्झौताको अभावमा निर्वाचनको मिति निरन्तर पछाडि सारिनुले लगानीको पहल गर्नमा शंका उब्जाइदिएको छ, जस्तै लगानी वर्ष २०१२-१३मा (रिपब्लिका, २०१२क)सर्वेक्षणका सबैतिर का उत्तरदाताहरूले राजनैतिक अस्थिरतालाई प्राथमिक चिन्ताका रुपमा मानेका छन्, विशेषतः काठमाडौं उपत्यकामा, जहाँ ८० प्रतिशत भन्दा बढि व्यवसायहरूले यस मुद्दालाई सबैभन्दा महत्वपूर्ण बताए (चित्र १ हेर्नुस्) । २०१० को व्यवसायीक सर्वेक्षणले देखाए अनुसार व्यवसायीक बृद्धिको मुख्य बाधा हडताल (वा बन्द; यिनको आर्थिक असरबारे विस्तृत छलफल बक्स २ मा हेर्नुस्), त्यसपछि राजनैतिक अस्थिरता (नमूनाको ३८ प्रतिशत), र अपर्याप्त संरचना, जसमा बाटो र विद्युत आपूर्ति पनि पर्छन् (२३ प्रतिशत) (आइडिए र एशिया फाउन्डेशन, २०११, पृ. ५४)।[११] २०१२ मा बन्दहरू २०१० को तुलनामा बढ्नुका साथसाथै,[१२] २०१२ को संविधानसभा विघटनलाई राजनैतिक अस्थिरतासँग सम्बन्धित असुरक्षालाई बढावा दिने तत्वका रुपमा हेर्न सकिन्छ, जसले राजनैतिक परिवेशलाई २०१२ मा माथिल्लो स्थानमा राखेको प्रष्ट पार्छ ।

राजनैतिक अस्थिरता बाहेक, इंधनको मूल्यलाई पनि प्राय उत्तरदाताले व्यवसायमा बाधा पुऱ्याउने प्रमुख रोकावटको रुपमा हेरेको पाइयो (चित्र १ हेर्नुस्) । अझैपनि नेपाल जेनेरेटर र खाना पकाउने इंधन,र यातायातको लागि पेट्रोलमा व्यापक आश्रित छ । पेट्रोलियम अभावका कारण, व्यवसाय र समुदायलाई नकारात्मक असर पार्दै दैनिक १४ घन्टाको विद्युत कटौती अझैपनि व्याप्त छ । भारतबाट मात्र आयात हुने पेट्रोलियम कम आपूर्ति मात्र हैन, बारम्बार हुने मूल्यबृद्धिका कारण महँगो पनि छ, जसले गर्दा यसलाई दैनिक उपभोगको वस्तुभन्दा पनि मूल्यवान बनाइदिएको छ । उदाहरण स्वरुप, इंधनको मूल्य सेप्टेम्बर २०१२ मा बढ्यो, जुन नौ महिनामा पाँचौं पटक बढेर नेरु १२५ (अमेरिकी डलर १.४ ) प्रतिलीटर कायम भयो, त्यस्तै डिजल र मट्टीतेल नेरु ९७ (अमेरिकी डलर १.४ ) प्रतिलीटर र तरलीकृत पेट्रोलियम ग्यास नेरु १,४७० (अमेरिकी डलर १६.८) प्रति सिलिण्डर भयो, फलस्वरुप उद्योगको लागत र उत्पादित सबै वस्तुमा मूल्यबृद्धि हुनगयो (काठमाडौं पोष्ट, २०१२; रिपब्लिका, २०१२ ख) । उत्पादन उद्योगका सर्वेक्षण उत्तर दाताहरूले इंधन मूल्यलाई व्यवसायमा सबै भन्दा बढि असर गरिरहेका व्यवधानका रुपमा बारम्बार भने । अन्य पूंजीमा आधारित क्षेत्रहरू जस्तै निर्माण, कृषि र पर्यटनले उच्च व्याजदर लाई मुख्य समस्या मानेका छन् । २० प्रतिशत भन्दा बढि उत्तरमा सुरक्षाको अवस्थालाई व्यवसाय संचालनमा गहिरो समस्याको रुपमा लिएको पाइयो । बारा-पर्सा-मकवानपुर कोरिडोरमा अवस्थित व्यवसायहरू सुरक्षाको अवस्थाको कारणहुने बाधामा बढि चिन्तित थिए ।

## अपराध जोखिमप्रतिको दृष्टिकोण

७० प्रतिशतभन्दा बढि उत्तरदाताले अघिल्लो वर्षको तुलनामा २०१२ मा अपराधबाट आफ्नो संस्थानमा असर पर्ने जोखिम कम वा उस्तै भएको बताए (चित्र २ हेर्नुस् ) । सर्वेक्षण भएका अन्य औद्योगिक कोरिडोरका व्यवसायभन्दा धेरै काठमाडौं उपत्यकाकोले बढि जोखिम महसुस गरे । उपत्यकामा अवस्थित त्रिसठ्ठी प्रतिशत उत्तरदाताले - नमूना सङ्ख्याको दोब्बरभन्दा बढि- अपराधको जोखिम आफ्नो ठाउँमा २०११ भन्दा बढेको बताए । अपराधको जोखिम बढेको यस दृष्टिकोणलाई हालै भएको सर्वेक्षणको नतिजाले देखाए अनुसार नेपालका शहरी क्षेत्रहरूमा प्रमुख खतराहरूको बढि प्रचुर ता भएको कुराले पनि समर्थन गर्छ (राकोभिटा, मुरे, र शर्मा, २०१३) । कैलाली - कञ्चनपुर कोरिडोर अवस्थित ४० प्रतिशत व्यवसायले २०१२ मा अपराधको जोखिम बढेको बताए । यो असुरक्षाको अनुभूतिको कारण कैलाली र कञ्चनपुरलाई विशेष असर गरेको २०१२ को बाढीप्रकोप पछिको अनिश्चित आर्थिक अवस्थाको परिणाम पनि हुनसक्छ (यूएनआर एचसिओ, २०१२ख; डब्लूएचओ, २००५), र साथै भारतसँगको खुला सीमा, जससँग बढ्दो अपराध गाँसिएको छ ।

सकारात्मक पक्षमा, बारा-पर्सा-मकवानपुर औद्योगिक कोरिडोरका ५३ प्रतिशत उत्तर दाताले आफ्नो संस्थानप्रति अपराधले असर पार्ने जोखिमको महसुस २०१२ मा घटेको बताए । यसको योगदान २०११ देखि नेपाल प्रहरीको बढ्दो उपस्थिति, र नीजि क्षेत्र संलग्न सामुदायिक सुरक्षा पहलहरूलाई जान सक्छ, जस्तै पर्साको सुरक्षित बीरगञ्ज परियोजना[१३] जसलाई एक सफलताका रुपमा लिइन्छ (सेफरवर्ल्ड, २०१३, पृ. १९-२०) । भविष्यमा अपराधको जोखिम आंकलन गर्न लगाउंदा, एकतिहाइ भन्दा बढि उत्तरदाताले (३६ प्रतिशत) आउँदो वर्ष चोरीको अनुभव हुनसक्ने लागेको बताए । अर्को ३० प्रतिशतले जबरजस्ती असुली, त्यसपछि हमला (२० प्रतिशत), तोडफोड, र घुस माग्ने (दुवै १९ प्रतिशत) हुनसक्ने बताए । एक चौथाइ उत्तर दाताले आउँदो वर्ष आफू कुनै अपराधको पीडित नहुने अपेक्षा गरेको बताए । त्यस विपरित, अन्तरवार्ता लिइएका मध्ये ७५ प्रतिशत व्यवसायले आउँदो वर्ष कुनै न कुनै प्रकारको अपराधको पीडित हुन सकिने डर रहेको बताए । यी परिणामहरू अपराधका प्रकार र भौगोलिकरुपमा फरक छन् ( चित्र ३ हेर्नुस्) ।

बाँके अवस्थित व्यवसायहरूले २०१३ मा प्रमुखतः लुटपाटबाट पीडित हुने आशंका जनाए (६३ प्रतिशत), जसपछि चोरी (५६ प्रतिशत) पर्छ । काठमाडौं उपत्यकाका उत्तरदाताले पनि लुटपाटबाट पीडित हुने चिन्ता बढि भएको जनाए (५६ प्रतिशत) । उत्तरदाताका अनुसार नगद (जुन सजिलै चल्ती गर्न सकिन्छ) र परिसरमा अवस्थित कच्चा पदार्थका तुलनामा मिसिन, औजार, वा कम्पनीले उत्पादन गरेका सामान लुटपाटका दौरान बढि लैजान्छन् । जबरजस्ती असुली - सुरक्षाका नाममा मागिने रकम वा धम्काएर वा व्यवसायको परिसर क्षतिग्रस्त गरिदिने धम्की दिएर उठाइने रकम - को अपेक्षा बारा-पर्सा-मकवानपुर र कैलाली - कञ्चनपुर अवस्थित व्यवसायहरूले (प्रत्येकमा ५६ प्रतिशत) गरे । विशेषगरि बाँकेका व्यवसायले तोडफोडको चिन्ता, र बुटवल-भैरहवा र काठमाडौं उपत्यकाकाले हमलाको डर भएको बताए । रोचकपूर्ण, मोरङ्ग-सुनसरी कोरिडोरका ५० प्रतिशत व्यवसायले आउँदो वर्ष कुनै पनि अपराधको पीडित नहुने अनुमान गरेको बताए । यो दृष्टिकोण बन्नुमा स्थानिय स्तरमा सुरक्षा व्यवस्थाप्रतिको बढि विश्वासको कारण हो वा यो क्षेत्रमा तुलनात्मक रुपमा शान्तपूर्ण अवधि भएर हो भन्ने प्रष्ट छैन[१४] ।


## व्यवसायहरूमा लक्षित अपराधका अनुभवः घटना,व्याप्तता,र वतरण[१५]

प्राय, व्यवसायीक क्षेत्रमा उत्पीडनको सर्वेक्षणको शुरुवात विकासशील अर्थतन्त्रमा अपराधको असरको चिन्ताबाट भएको हो, तर पछि अन्य विविध स्थानको लागि पनि हुने गरेको छ,[१६] जुन पश्चिमी र पूर्वी यूरोप देखि एशिया र अफ्रिका सम्म हुने गर्छ (ब्रोडहर्स्ट र साथीहरू, २०११, पृ. २५-

२७) । उदाहरणका लागि, २००६ मा चीनको चार शहरमा ५,००० भन्दा बढि व्यवसायहरूमा गरिएको सर्वेक्षणले पत्ता लगाए अनुसार अन्तर वार्ता गरिएका मध्ये एक चौथाइ भन्दा बढिले कम्तीमा एक अपराधको अनुभव गरेको बताएका थिए (ब्रोडहर्स्ट, बुहोर्स, र बुहोर्स, २०१३, पृ. २७६) । २००६ मा नाइजिरियामा गरिएको सर्वेक्षणमा अपराधीहरूले व्यवसायीक उत्पीडन गर्ने व्याप्तताको दर ४८ प्रतिशत पाइएको थियो । त्यसैगरि, २००० मा नौ पूर्वी यूरोपेली राजधानीहरूमा गरिएको सर्वेक्षणमा एक तिहाइ जति (२७ प्रतिशत) व्यवसायहरू १९९९मा अपराध पीडित थिए (अल्भाज्जि डेल फात्, २००४, पृ. १४४) । पश्चिमी यूरोपमा भने परिणाम भिन्न छः इटालीमा एक वर्षमा भएको अपराधीहरूले व्यवसायीक उत्पीडन गर्ने व्याप्तताको दर २००८मा ३६ प्रतिशत पाइएको थियो (मुगेलिनी, २०१२, पृ. १२), जबकि इङ्गल्याण्ड र वेल्समा यो ४६ प्रतिशत थियो (यूके होम अफिस, २०१३) । मेक्सिकोमा २०११ मा गरिएको सर्वेक्षणले अपराधीहरूले व्यवसायीक उत्पीडन गर्ने व्याप्तताको दर ३७.४(आइएनइजिआइ, २०१२, पृ. २ स मुगेलिनी, २०१३ख, पृ. ५१) । प्रत्यक्षै तुलना गर्न नमिले पनि, यि परिणामहरूले व्यवसायहरूलाई विभिन्न स्थानमा कसरी असर पार्छन् भन्ने विचार दिन्छ ।


नेपालमा, सुरक्षा सम्बन्धिको दृष्टिकोण देशको राजनैतिक अस्थिरता र आर्थिक अवस्थाले मात्र रंगिएको छैन, यि सँगै द्वन्द्वपश्चात व्यवसायहरूले अनुभव गरेका अपराध र हिंसाका रंगहरू पनि छन् । ८० प्रतिशत भन्दा बढि सर्वेक्षणका उत्तरदाताले २००७ र २०१२ का बिच आफ्नो व्यवसाय कम्तीमा एक अपराधको पीडित भएको बताए । पूरै नमूनामध्ये, १८ प्रतिशत उत्तरदाताले लुटपाटको अनुभव गरेको बताए, १४ प्रतिशतले जबरजस्ती असुली, १२ प्रतिशतले तोडफोड, १० प्रतिशतले घुस मागिएको, र ९ प्रतिशतले कुटपीट भएको बताए । तथ्यांकले देखाए अनुसार व्यवसायहलाई लक्षित गर्ने एकल घटना नभइ, बारम्बार हुने गरेको अभ्यास हो भन्ने देखिन्छ । "बहुउत्पीडन" भन्नाले एकै व्यवसायीक संस्थालाई एकभन्दा बढि प्रकारको अपराधिक क्रियाकलापले असर गरेको भन्ने बुझाउँछ, जबकि "पुनः उत्पीडन" भन्नाले एकै व्यवसायीक संस्थालाई एकभन्दा बढि पटक एकै प्रकारको अपराधिक क्रियाकलापले असर गरेको भन्ने बुझाउँछ (मुगेलिनी, २०१३ कस विजल, २००५) । सर्वेक्षणका १६ प्रतिशत व्यवसायले २००७ देखि पाँच वा त्योभन्दा बढि अपराधका घटना अनुभव गरेका छन् । अपराधका समग्र वितरण हेर्दा, २००७ र १०१२ का बिचमा व्यवसायहले सबैभन्दा बढि अनुभव गरेका अपराधमा लुटपाट (३१ प्रतिशत), त्यसपछि क्रमशः जबरजस्ती असुली (२४ प्रतिशत), तोडफोड (२० प्रतिशत), र घुस मागिएका र कुटपीट (दुवै १६ प्रतिशत) थिए (चित्र ४ हेर्नुस्) ।

**चित्र २ व्यवसायीक संस्थानहरूका लागि २०११ को तुलनामा २०१२ को अपराध जोखिम दृष्टिकोण, कोरिडोरका आधारमा** (न=१६०)




आइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

**चित्र ३ व्यवसायीक संस्थानहरूका दृष्टिकोणमा उनीहरूले २०१३ मा अनुभव गर्न सक्ने बढि सम्भावना भएका अपराध, प्रकार र कोरिडोरका आधारमा** (न=१६०)




नोटः एकभन्दा बढि प्रतिक्रियाको सम्भवावना हुन्छ; प्राप्त उत्तरहरूको प्रतिशत देखाइएको

स्रोतः आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

व्यवसायहलाई लक्षित गर्ने अपराधको भौगोलिक वितरणमा, काठमाडौं उपत्यकाले[१७] सर्वेक्षणका उत्तरदाताले दिएका विवरणको औसतभन्दा भन्डै दोब्बर सङ्ख्यामा लुटपाटका घटना बताएर आफ्नो छुट्टै विशिष्टता कायम गर्छः काठमाडौंका उत्तरदाताले बताए अनुसार २००७ र २०१२ बिच भएका अपराधमा झण्डै ६० प्रतिशत लुटपाट थियो । उपत्यकामा (काठमाडौं, ललितपुर, र भक्तपुर जिल्लासहित) सबै प्रकारका अपराधमा, जबरजस्ती असुलीबाहेक, कोरिडोरका औसत दर भन्दा बढि नै थिए (चित्र ४ हेर्नुस्) । काठमाडौं उपत्यकामा अपराधको दर बढि हुनाको कारण सुगम दुर्गम- विभाजनका कारण समुदाय र अन्तरवैयक्तिक तहमा कायम हुने उत्पीडनको ढाँचा हुन सक्छ (राकोभिटा, मुरे, र शर्मा, २०१३) । उपत्यकामा बढ्दो हतियार भित्रिनु पनि अपराध बढ्नुको कारण हुनसक्छ (खत्री, २०११; न्यूकेरला, २०१२) । व्यवसायहरूले लुटपाटको अनुभव गरिएको औसत सङ्ख्या तराईमा अन्य जिल्लाभन्दा बाँकेमा बढि थियो । अर्कोतिर, जबरजस्ती असुली सबैभन्दा बढि बारा-पर्सा-मकवानपुर कोरिडोरमा भएको पाइयो, जुन लिइएकोमध्ये ६० प्रतिशत हुन आउँछ । उत्तरदाताले विगत पाँच वर्षमा कित उनीहरूसँग सुरक्षा रकममागिएको वा




एक होटल व्यवसायीलाई नगद र निशुल्क बस्न नदिएकोमा माओवादीहरूले अपहरण र कुटपीट गरेपछि, विभिन्न क्षेत्रका व्यवसायीहरू विरोध गर्दै, काठमाडौं, मार्च २००७। © देवेन्द्र म. सिंह/एएफपी तस्वीर


कर्मचारीलाई धम्काएर जबरजस्ती असुली लिइएको वा संस्थालाई धम्की आएको अनुभव कम्तीमा एकपटक गरेको बताए । जस्तै, २०१० मा बाराका भारतसीमा नजिकका व्यवसायहरूले "चन्दा"[१८] का लागि एकदिनमै तीन वा चारसम्म धम्कीपूर्ण माग आएको बताए (काफ्ले, २०१०, पृ. ११)।

## पीडित देखि पोषणकर्तासम्मः द्वन्द्वको वित्तव्यवस्था, जबरजस्ती चन्दा, र भ्रष्टाचार

व्यवसायहरू सधैं अपराध र हिंसाका पीडित मात्र होइन, कहिलेकाहिं भ्रष्टाचारी तरिका अपनाएर, वा प्रत्यक्ष धम्की वा अप्ठ्यारो अवस्थामा परेका कारण चाहेर वा नचाहेरै पनि आपराधिक क्रियाकलापका पोषणकर्ता पनि बनिरहेका हुन्छन् ।

एतिहासिक रुपमा नेपालका सशस्त्र समूहहरू द्वन्द्व वित्तव्यवस्थाका विभिन्न तरिकामा भरपर्दै आएका छन्, जसमा अनौपचारिक कर ( जस्तै उत्पादनको निश्चित प्रतिशत माग गर्ने[१९]) देखि सामान तस्करी (जस्तै यार्सागुम्बा[२०] ), आपराधिक क्रियाकलाप (बैंक लुट्ने, असुली), पर्यटक लेभी, र विदेशबाट हुने विप्रेषण पर्छन् । युद्ध महँगो उद्यम हो, जबकि नेपाली छापामारहरूले २००२ मा द्वन्द्वको उत्कर्षको समयमा द्वन्द्वका प्रयत्न कायम राख्नलाई मात्र पनि झण्डै नेरु १ करोड (११४,००० अमेरिकी डलर) प्रति महिना खर्च लाग्थ्यो भनिन्छ (आइसिजि, २००५, पृ. १७)। यसको प्राय रकम राजनैतिक र सैन्य सहयोग खर्चमा जान्थ्यो, र कम मात्र प्रशासनिक क्षमताका लागि खर्च गरिन्थ्यो । यसले गर्दा सशस्त्र समूहहरूका संस्थागत संरचनाको तरलतालाई प्रशय मिल्यो र द्वन्द्वपश्चातको समयमा राजनैतिक र आपराधिकरुपले प्रेरित समूहबिचको भिन्नता छुट्टाउन झन् गाह्रो हुँदै गयो (बोगटी, कारापिक, र मुग्गाः, २०१३)।

चित्र ४ **व्यवसायिक संस्थानहरूले सबै कोरिडोर र काठमाडौं उपत्यकामा अनुभव गरेका अपराध, अपराधका प्रकारका आधारमा, २००७– १२** (नं १६०)




नोटः एकभन्दा बढि प्रतिक्रियाको सम्भवावना हुन्छ ।
स्रोतः आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

द्वन्द्वकालमा सशस्त्र समूहहरूको वित्तव्यवस्थाका लागि अपनाइएका युक्ति पछिका वर्षहरूमा आएर लूटका अभ्यासका रुपमा आउन थाले (सेड्डोन र हुसैन, २००२, पृ. २०,२२) । वृहत शान्ति सम्झौतामा हस्ताक्षर पछि, यी अभ्यास घटेको भनिएता पनि, हराएर चाहिं गएनन्, र कानूनी प्रणालीमा समाहित हुँदै गए । यिमध्ये धेरै अभ्यासको नियमन नभैकनै पनि राजनैतिक अभियानका लागि औपचारिक कर र चन्दा भनेर उठाइरहियो ।

सर्वेक्षणका उत्तरदाताहरूले सबै उद्योग र कोरिडोरमा, विशेषगरि बैंकिङ्ग र शिक्षा क्षेत्रमा, असुली र जबरजस्ती चन्दालाई एक व्याप्त तर अतिनै कम रिपोर्ट गरिने गरिएको अभ्यासका रुपमा बताए । २०१३को शुरुवातमा, "चन्दा" दिन अस्वीकार गरेका विभिन्न व्यवसायका विरुद्ध गरिएको बदलास्वरुप गरिएको हमलापछि, नेपाल उद्योग वाणिज्य महासङ्घले सरकार समक्ष जबरजस्ती चन्दा प्रकरणहरूलाई बन्द गराएर चन्दालाई नियमन गर्न, र चन्दामाग गरिने रकममा सिमितता कायम गर्न माग गरेका थिए (काठमाडौं पोष्ट, २०१३क) । व्यवसायीक सङ्घहरूले, यस अभ्यासलाई बढि पारदर्शी बनाउन, आफूले दिएका चन्दा पनि बहिखातामा देखाउन पाइनुपर्ने माग गरेका छन् ।

व्यवसायीक क्षेत्रका लागि र वृहतरुपमा अर्थतन्त्रका लागि भ्रष्टाचार पनि एक चिन्ताको विषय हो ।[२१] करिब १० प्रतिशत उत्तरदाताले २०१२ मा आफूसँग सरकारी कर्मचारीले घुसको मांग गरेको बताए । प्रत्यक्ष तुलना गर्न नमिलेपनि, यो सङ्ख्या नाइजिरियामा २००६ मा भएको भनिएका भ्रष्टाचारका मुद्दाहरूसँग धेरै मेल खान्छ, जहाँ सर्वेक्षण गरिएकामध्ये ९ प्रतिशत व्यवसायले घुस तिरेको बताएका थिए (ब्रोडहर्स्ट र अन्य, २०११, पृ.२९)। १९९० को दशकमा पूर्वी यूरोपमा गरिएको यूएनको व्यवसाय विरुद्धको अन्तर्राष्ट्रिय अपराध


सर्वेक्षणका १९ प्रतिशत उत्तरदाताले आफूले घुस तिरेको बताएका थिए (ब्रोडहर्स्ट, बुहोर्स, र बुहोर्स, २०१३, पृ. २८७)। तैपनि, यो प्रतिशत विश्वको औसत, २५ प्रतिशतको तुलनामा कम नै हो, जसले आफ्नो काम सजिलै गराउन र "चुस्त राख्न" सरकारी कर्मचारीलाई दिनु पर्ने अपेक्षा गरिएको व्यवसायीक संस्थाहरूको सङ्ख्या जनाउंछ, र दक्षिणी एशियाको औसत, जुन ३६ प्रतिशत हुन आउँछ, भन्दा पनि कम हो (विश्व बैंक, एनडिए)। २००९ मा नेपालका ३६८ नीजि कम्पनीको सर्वेक्षण गर्दा १५ प्रतिशतले उनीहरूले आफ्नो काम गराउन सरकारी कर्मचारीलाई उपहार दिनुपर्ने अपेक्षा गरिने र यदि सरकारी ठेक्का हात पार्न हो भने यो बढेर ६० प्रतिशत पुग्ने बताएका थिए (विश्व बैंक, एनडिए)।

यति व्याप्तता देखिएपनि, घुसखोरी अति नै कम रिपोर्टिङ हुनेगर्छ, जम्मा २५ केस (६१८ भ्रष्टाचारका केसमध्ये) १९९० देखि २०१० बिचमा विशेष अदालतमा ल्याइएका थिए, जसमध्ये खाली ७ लाई दोषी ठह-याइएको थियो (डिक्स्, २०११, पृ. १५)। साधरणतया घुसखोरी र भ्रष्टाचारका घटनालाई रिर्पोट नगरेर, व्यवसायहरू भ्रष्टाचारी अभ्यासका पीडित र पोषणकर्ता दुवै बन्छन्। घुसबाहेक, देशमा विद्यमान भ्रष्टाचारी अभ्यासमा कमीशन दिनु वा माग गर्नु, सार्वजनिक ठेक्का पाउन दलाली,सरकारी कर्मचारीले कम मूल्यमा सामान वा सेवा स्वीकार्ने वा उपहार लिने, तेस्रो पक्षका लागि विशेष फाइदामा आधिकारिक कागजपत्र फर्जी बनाउने, आदि (डिक्स्, २०११ श्रेष्ठ, २००७) [22]। नेपालले २०११मा भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसङ्घीय सम्मेलनलाई अनुमोदन गरेपनि र धेरै संस्थाहरू- अख्तियार दुरुपयोग अनुसन्धान आयोग, विशेष अदालत, राष्ट्रिय सतर्कता केन्द्र, आदि (पौडेल, २०११) भ्रष्टाचार सुल्झाउन काम गरेका भएपनि, ट्रान्स्परेन्सी इन्टरनेशनलको भ्रष्टाचार दृष्टिकोण इन्डेक्समा १७६ देशमध्ये १३९औं स्थानमा छ (टिआइ, २०१३)।[23] नेपाल आफ्नो छिमेकीहरूभन्दा पछाडि छ, जहाँ भारत ९४औं स्थानमा छ र चीन ८०औं स्थानमा।

## पीडकहरू र हिंसाका साधन

सर्वेक्षण गरिएका व्यवसायहरूले व्यक्ति (६० प्रतिशत), राजनैतिक पार्टीका युवा सङ्गठन (५१ प्रतिशत), सशस्त्र समूह (२६ प्रतिशत) लाई आफ्नो समुदायमा अपराध र हिंसाका प्रमुख स्रोतका रुपमा पहिचान गरे (चित्र ५ हेर्नुस्)। एक तिहाइ भन्दा बढि उत्तर दाताले व्यक्ति र राजनैतिक पार्टीका युवा सङ्गठन दुवैलाई प्रमुख पीडकका रुपमा पहिचान गरे। सबै औद्योगिक कोरिडोरमा व्यवसायी र निर्यातकर्ताहरू जबरजस्ती

**चित्र ५ व्यवसायीक संस्थानहरूको दृष्टिकोणमा अपराध र हिंसाका प्रमुख पीडक,**




नोट: एकभन्दा बढि प्रतिक्रियाको सम्भावना हुन्छ। स्रोत: आइआइडिएस र साना हतियार सर्वेक्षण

चन्दाका लागि लक्षित बनाइएको रिपोर्ट व्याप्त छन् (कार्टर सेन्टर, २०११ )।

खाली २६ प्रतिशत उत्तरदाताले सशस्त्र समूहलाई अपराध र हिंसाका प्रमुख स्रोतको रुपमा औंल्याए। यो, हालैको खोजले समग्ररुपमा नेपालमा २००९ देखि सशस्त्र समूहको सङ्ख्या घटेको भन्ने कुरा अनुरुप नै देखिन्छ, हुन त आपराधिक समूह, गुण्डा (स्थानीय फटाहाहरू), र राजनैतिक र जातीय समूहहरूले आफ्ना क्रियाकलाप जारी नै राखेका छन् (बोगटी, कारापिक, र मुग्गाः, २०१३)। प्रतिक्रियाहरूको भौगोलिक वितरण हेर्दा तराइका व्यवसाय, विशेषगरि बाँके, बारा, र पर्साले, सशस्त्र समूहलाई अपराध र हिंसाका प्रमुख स्रोतको रुपमा औंल्याए। काठमाडौं उपत्यकाको झण्डै ९० प्रतिशत व्यवसायले व्यक्तिलाई अपराध र हिंसाका प्रमुख स्रोतको रुपमा दोष दिनुपर्ने बताए। यसविपरित, बारा-पर्सा-मकवानपुर कोरिडोरमा ७५ प्रतिशतले राजनैतिक पार्टीका युवा सङ्गठनलाई अपराध र हिंसाका प्रमुख पीडक बताए। सबै कोरिडोरका सर्वेक्षणका उत्तरदाताले बिरलै पूर्व लडाकू वा प्रहरीलाई प्रमुख पीडक बताए।

व्यवसाय सर्वेक्षणका उत्तरदाताले हातहतियार, जस्तै हातेबन्दुक, राइफल र कटुवालाई[24] आफ्ना समुदायमा सबैभन्दा बढि पाइने हतियार बताए, जसपछि कच्चा र परम्परागत हतियार (जस्तै लठ्ठी, डण्डा, ढुंगा) र धारिलो हतियार पर्छन् (चित्र ६ हेर्नुस्) २०११मा नेपालमा गरिएको घरदैलो सर्वेक्षणमा करिब ४ प्रतिशत उत्तरदाताले हातहतियार आफ्नो इलाकामा सबैभन्दा व्याप्त भएको बताएका थिए (राकोभिटा, मुरे, र शर्मा, २०१३स कार्प, २०१३)। यसविपरित सर्वेक्षणका उत्तरदातामा झण्डै ४० प्रतिशतले हातहतियार आफ्नो इलाकामा सबैभन्दा व्याप्त भएको बताए। यसले व्यवसायहरू आफ्नो परिसरको थलो र कामधन्दाका कारण साना हतियारको उपस्थितिप्रति बढि सजग भएका होलान् भन्ने इंगित गर्छ। बारा-पर्सा-मकवानपुर कोरिडोर र बाँकेमा विष्फोटकहरूको पनि बारम्बार जिकिर गरिएको थियो । संचारमाध्यमले बारम्बार व्यवसायहरूलाई लक्षित विष्फोटक पदार्थका बारेमा भन्छन्, जुन राजनीति वा भ्रष्टाचारको विरुद्धमा गरिने हडतालका रुपमा, वा जबरजस्ती चन्दा नदिएका कारण भएका हुन्छन्। जस्तै २०१२ मा, नेपाल आयल निगम लक्षित बमले (चर्को मूल्य कायम गरेको सजाय स्वरुप र सरकारी भ्रष्टाचारको निन्दा गर्न भनिएको उपत्यकाको व्यवसायीक इलाकामा तीनजनाको ज्यान गएको थियो (एशिया न्यूज, २०१२)।


कसरी हातहतियार सहजै प्राप्त गर्न सकिन्छ भन्ने कुरा जटिल छ, जुन कुरा ४० प्रतिशत उत्तरदाताले प्रश्नको उत्तर दिन नचाहेको वा यसबारे केहि थाहा नभएको भन्ने बताउनाले पनि पुष्टि गर्छ (चित्र ७ हेर्नुस् )। एक तिहाइ भन्दा बढि व्यवसायले हातहतियार प्राप्त गर्न अति सजिलो भएको बताए, र अर्को २० प्रतिशतले 'जटिल तर सम्भव' बताए, र २.५ प्रतिशतले मात्र गाह्रो भएको बताए । यो कुरा जनसङ्ख्याको सर्वेक्षणले देखाएको भन्दा भिन्न छ, जसमा केवल ३ प्रतिशत र २१ प्रतिशतले क्रमशः हातहतियार प्राप्त गर्न अति सजिलो वा 'जटिल तर सम्भव' बताएका थिए (राकोभिटा, मुरे, र शर्मा, २०१३, पृ. ६१)। हतियार प्राप्त गर्न अति सजिलो भन्ने व्यवसायमध्ये धेरै काठमाडौं उपत्यकामा अवस्थित छन् । यसले हालैको रिपोर्टहरूमा भनिएको झैं अवैध साना हतियार भारतबाट तस्करी भएर नेपाली राजधानी आउने क्रम बढेको कुरालाई समर्थन गर्छ (न्यू केरला, २०१२) । हातहतियार काठमाडौंमा सजिलै प्राप्त गर्न सकिने जस्तो देखिन्छ, तर यी यहां व्यापकरुपमा पाइंदैन (चित्र ६ हेर्नुस्), जसले

इंगित गर्छ कि राजधानीमा हतियार प्राप्त गर्न अति सजिलो हालमात्रै शुरु भएको प्रक्रिया हो । जबकि, काठमाडौं उपत्यकामा अवस्थित व्यवसायले कच्चा वा परम्परागत र धारिलो हतियार सबैभन्दा व्याप्त रहेको बताएका थिए ।

## अपराध र अस्थिरताको मूल्य: प्रत्यक्ष र अप्रत्यक्ष व्यवसायीक नोक्सान

विश्वभरनै हिंसा अपराध व्यवसायका लागि खराब' भनेर स्वीकारिएको छ, तर असुरक्षाले लगानी र आर्थिक सकुशलतालाई कुन हदसम्म असर गर्छ भन्नेबारे ज्यादै थोरै मात्र थाहा छ, विशेषगरि द्वन्द्वपछिको वातावरणमा । केहि अनुसन्धानकर्ताहरूले नेपालको द्वन्द्वको मूल्य हिसाब गर्न प्रयास गरेका छन् (ढकाल, २००३; झा, २०११ ; कुमार, २००३), तर तुलनात्मक रुपमा थोरैले मात्र द्वन्द्वपश्चातको हिंसा र नीजि क्षेत्रमा अपराधिकताको असर बुझ्ने प्रयास गरेका छन् ।[२५] एक दशक लामो गृहयुद्धबाट मार खाएको नेपाली अर्थतन्त्रले अझै पनि द्वन्द्व र द्वन्द्वपछिको लामो सङ्क्रमणकालको मूल्य व्यहोरिरहेको छ । नेपालको गृहयुद्धको मूल्यको हालको आंकलनका यथार्थता विवादित नै छ, जसमा सङ्ख्यात्मक रुपमा नेरु ३७ अर्ब (ढकाल, २००३) देखि नेरु १२० अर्ब (कुमार, २००३, पृ. २०७) (१.४ अर्ब अमेरिकी डलर, जबकि २०१२ मा नेपालको कुल ग्राहस्थ उत्पादन १९.४ अर्ब अमेरिकी डलर थियो ) (विश्व बैंक, एनडिए) । अन्य कुरासँगै, यि


चित्र ६ **व्यवसायीक संस्थानहरूको दृष्टिकोणमा आफ्ना इलाकामा सबैभन्दा बढि व्याप्त हतियार, प्रकार र कोरिडोरका आधारमा, (न=१६०)**




स्रोत: आइअइडिएस र साना हतियार सर्वेक्षण

नोट: एकभन्दा बढि प्रतिक्रियाको सम्भवावना हुन्छ । यो ग्राफले सबैभन्दा व्याप्त भनिएका हतियारका प्रकार देखाउँछ, त्यसैले 'अन्य' र 'थाहा छैन' भन्ने वर्गीकरण देखाइएको छैन । सबै उत्तरको प्रतिशत देखाइएको छ ।

चित्र ७ **व्यवसायहरूको दृष्टिकोणमा हातहतियार प्राप्त गर्न सहजता ( हातहतियार सजिलै प्राप्त गर्न सकिने कोरिडोरका विवरण)** (न=१६०)




स्रोत: आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

नोक्सानहरू द्वन्द्वका प्रत्यक्ष मूल्यका कारण हुन्, जसमा सुरक्षामा बढेको खर्च, भौतिक संरचनाहरू ध्वस्त हुनाले आयमा नोक्सान, बन्दका कारण व्यापारमा नोक्सान, पर्यटकको सङ्ख्यामा कमी, वैदेशीक र घरेलु लगानी पलायन, र विस्थापनका कारण आयमा कमी पर्छन् (उप्रेती, २००६, पृ. ६-८) । कुल ग्राहस्थ उत्पादनमा नोक्सान मात्रैपनि नेरु ३७ र ६६ अर्बका बिच भएको अनुमान छ, जसमा कम्तीमा नेरु १८ अर्ब (२०५ करोड अमेरिकी डलर) भौतिक संरचना नष्ट भएको पनि जोड्नु पर्छ (ढकाल, २००३) । प्रत्यक्ष मागद्धारा ठूलो असुली, अवैध तिरो, र बन्दले लगानी र नीजी क्षेत्रलाई अझै नकारात्मक असर पार्‍यो (सेडोन र हुसैन, २००२, पृ. ३०) । जहाँ युद्धकालमा राष्ट्रिय सुरक्षा खर्च तीनगुणा बढ्यो, १९९६ को नेरु ४ अर्ब (४६ करोड अमेरिकी डलर) बाट २००६ को नेरु १२ अर्ब (१३७ करोड अमेरिकी डलर) पुग्यो (झा, २०११, पृ. १६), विकास खर्च घटेर १९९५ को कुल ग्राहस्थ उत्पादनको ६.५ प्रतिशतबाट २००५ मा ३.८ मा पुग्यो (एडिबि,डिएफआइडि, आइएलओ, २००९, पृ. ५), जसले गर्दा संघर्षरत अर्थतन्त्रलाई ठूलो धक्का पुग्यो । द्वन्द्वकोअन्त्यतिर, यथेष्टरुपमा गरिबी, असमानता, र बेरोजगारीका समस्यालाई सम्बोधन गर्न नसक्ने भएपनि, बृद्धि अलि द्रुत गतिमा बढ्यो । यिसंरचनागत कमजोरीमा राजनैतिक अस्थिरता र अपराधिकताले व्यवसायीक क्षेत्रलाई थप कमजोर पार्छ ।

सर्वेक्षणमा पत्ता लागे अनुसार अपराध (जस्तै चोरी, तोडफोड, वा असुली) र अस्थिरता बारम्बारको हडताल वा विरोध) ले गर्दा व्यवसायहरूले प्रत्यक्ष र अप्रत्यक्ष नोक्सान व्यहोनुपर्ने हुन्छ । २००९ को नेपालको इन्टरप्राइज सर्वेको तथ्यांक अनुसार, चोरी र तोडफोडबाट हुने नोक्सान, वार्षिक बिक्रिको ५.३ प्रतिशत हुने गरेको, जबकि एशियामा ५.१ प्रतिशत र सर्वेक्षणका सबै देशमा हेर्दा ४.९ प्रतिशत हुने गरेको छ (विश्व बैंक, एनडिबि) । अध्ययनको सानो नमूनाको (१६० कम्पनी) आधारमा, नेपालको नोक्सानको यस्तै हिसाब निकाल्न सजिलो हुँदैन । तर, सर्वेक्षणले नोक्सान र कुन हदसम्म साना व्यवसायलाई असर गरेको छ भन्ने आंकलन दिन्छ । वार्षिक नेरु १० करोड (११४,००० अमेरिकी डलर) वा कम आम्दानी भएका व्यवसायले आफ्नो वार्षिक आम्दानीको ५.४ प्रतिशत नोक्सान दर्ज गराएका छन् ।[२६]

समग्रमा, सर्वेक्षणका उत्तरदाताले (जो पीडित भएका थिए र आफ्नो क्षतिको मूल्य ठ्याक्कै भने), २००७ र २०१२ का बिच विभिन्न प्रकारका अपराधका कारण जम्मा नोक्सान नेरु २२ करोड (२५०,८०० अमेरिकी डलर)

भएको बताए (तालिका ३ हेर्नुस्) । २००७ र २०१२ का बिच, बीमा कम्पनीको क्षतिपूर्ति बाहेक, एक व्यापारिक संस्थाले सरदर ५,६२३ अमेरिकी डलर नोक्सान भएको बताए । २०१२ मा, सर्वेक्षण गरिएका व्यवसायहरूले अपराधका कारण भएको नोक्सान औसत नेरु २१८,५०८ (२,४९१ अमेरिकी डलर) भएको बताए । २००९ मा नेपालमा गरिएको यस्तै सर्वेक्षणमा अपराधका कारण भएको प्रत्यक्ष नोक्सान औसत नेरु १३६,६३७ (१,५५८ अमेरिकी डलर) भएको पाइयो, जुन २००८ को नेरु ९१,५५० (१,०४४ अमेरिकी डलर) भन्दा निकै बढि हो (आएडिए र एशिया फउन्डेशन, २०११, पृ. ५२) । छिमेकी चीनमा २००६ मा गरिएको सर्वेक्षण अनुसार, चीनिया व्यवसायले अपराधका कारण व्यहोर्नुपरेको नोक्सान औसत ५,६८० अमेरिकी डलर भएको देखायो (ब्रोडहर्स्ट र अन्य, २०११, पृ. १०५) । नेपालको भिन्दै बजार बनावट र व्यापार आकारका कारण प्रत्यक्ष तुलना गर्न नमिले पनि, यि औसत नोक्सानहरूले सङ्ख्याको सान्दर्भिकता भने देखाउँछ । २०१२ मा, नेरु १२.५ करोड (१४२,५०० अमेरिकी डलर) भन्दा बढि नोक्सान भएको उत्तरदाताले बताए, विशेषगरि ठगिबाट (नेरु ६.९ करोड/७८,६६० अमेरिकी डलर), लुटपाट (नेरु २.१ करोड/२३,९४० अमेरिकी डलर), असुली (नेरु १.६ करोड/१८,२४० अमेरिकी डलर), र तोडफोड (नेरु १.१ करोड/१२,५४० अमेरिकी डलर) ।


सर्वेक्षणका उत्तरदाताले अपराधका कारण प्रत्यक्ष नोक्सानको न्यूनतम भनिएको र कम नेरु ६,००० (६८ अमेरिकी डलर) बताए भने अधिकतम भनिएको रकम नेरु १ करोड (११४,००० अमेरिकी डलर) बताए (तालिका ३ हेर्नुस्) । यी नतिजालाई देशकै लागि भने सामान्यीकरण गर्न मिल्दैन । नमूना भित्रैपनि, १६० वटालाई अन्तरवार्ता लिइएकोमा जम्मा ३६ ले मात्र अपराधका कारण प्रत्यक्ष नोक्सानको ठ्याक्कै विवरण दिएका थिए । यसमध्ये, द्वन्द्वपश्चातको समयमा अपराधिक क्रियाकलापका कारण सबैभन्दा बढि नोक्सान बाँकेका व्यवसायले बताए- नेरु १ करोड १० लाख भन्दा बढि (१२५,४०० अमेरिकी डलर) । आर्थिक क्षेत्रको सन्दर्भमा, उत्पादन उद्योग र शिक्षाले सबैभन्दा बढि नोक्सान भएको बताए, जसमा नेरु १ करोड ३० लाख (१४८,२०० अमेरिकी डलर) र ५० लाख (५७,०००अमेरिकी डलर) क्रमशः थिए । सर्वेक्षणका अनुसार अपराधका कारण प्रत्यक्ष नोक्सान सामान्यतया कमै देखिन्छ, तर साना व्यवसायका लागि ति अर्थपूर्ण हुनसक्छन् । सामाजिक र राजनैतिक अस्थिरताका कारण चुकाउनु पर्ने मूल्यले देशमा अझै ठूलो बोझ थपिदिन्छ । बन्द, चक्काजाम,[२७] र सडक आन्दोलनले विशेषगरि नीजि क्षेत्रलाई नकारात्मक असर गरेको हुन्छ (बक्स २ हेर्नुस्) र पहिल्यै डराएको वैदेशिक लगानीलाई अझै निरुत्साहित पार्छ ।

सर्वेक्षणका झण्डै ५० प्रतिशत व्यवसायले कुनै न कुनै प्रकारको बीमा गरेको बताए (सम्पत्ति वा उत्पादनका लागि) । झण्डै १४ प्रतिशत उत्तरदाताले बीमा नगरेको बताए, जसको कारण आफ्नो संस्थानलाई

## बक्स २ : बन्दको मूल्य

बन्द, वा हडताल, राजनैतिक र सामाजिक विरोधका स्वरुप हुन्, जो कि नेपालमा सामान्य भैसकेको छ ।विशेषगरि आर्थिक क्षेत्रका लागि, यि हानीकारक र ब्यावधानकारी छन्, र केहिले त चोटपटक र मृत्यु पनि ल्याउँछ (इन्सेक, २०१२क) । सवारी र मानिसको हिंडडुलमा र सबै क्रियाकलापमा रोक लगाएर, बन्दले व्यवसाय, कामदार, नेपाल राष्ट्र, र अन्त्यमा नेपाली नागरिकहरूलाई ठूलो नोक्सान पुऱ्याउने गर्छ । नेपाल उद्योग वाणिज्य महासङ्घले अनुमान गरे अनुसार बन्दको मूल्य प्रति बन्द भएको दिनमा नेरु ६८ करोड (७८ लाख अमेरिकी डलर) देखि नेरु १.९८ अर्ब (२ करोड २६ लाख अमेरिकी डलर) सम्म हुने गरेको छ, जुन दैनिक उत्पादन हुने सामान र सेवाको ८८ प्रतिशत हो, अथवा प्रति बन्द घण्टामा नेरु ८ करोड ३० लाख (९४६,२०० अमेरिकी डलर) हुनजान्छ (क्रोजिए, गुन्डुज, र सुवेदी, २०१०, पृ. ९स कोइराला, २०११) । यस अनुमानका आधारमा, अघिल्ला साढे दुई वर्षका बन्दका कारण देशले कुल नेरु २४२ (२.८ अर्ब अमेरिकी डलर) र ७१२ अर्ब (८.१ अर्ब अमेरिकी डलर) बिचको मूल्य चुकायो (चित्र ८ हेर्नुस्) । २०१२ मा बन्दका कारण भएको नोक्सान करिब नेरु ८५ (९६ करोड ९० लाख अमेरिकी डलर) र नेरु २५० अर्ब (२.८५ अर्ब अमेरिकी डलर)का बिच भएको अनुमान छ (चित्र ८ हेर्नुस्) ।

चित्र ८ बन्दको अनुमानित आर्थिक मूल्य, २०१०- जुन २०१३




*२०१३ को तथ्याङ्कले वर्षको पहिलो आधा समय मात्र समेट्छ (जनवरी- जुन) ।*

*बन्दको प्रतिवर्ष मूल्यलाई बन्द दिनको अनुमानित न्यून (कोइराला, २०११) र अधिक (क्रोजिए, गुन्डुज, र सुवेदी, २०१०) मूल्यलाई, अर्थात् नेरु ६८ करोड (७८ लाख अमेरिकी डलर) र नेरु १.९८ अर्ब (२ करोड २६ लाख अमेरिकी डलर) प्रत्येक वर्ष भएका विशेष बन्द दिनका सङ्ख्याले गुणन गरेर निकालिएको हो (यूएनआरएचसिओ मा दिइए अनुसार, २०१०स २०११स २०१२कस २०१३) ।*

*बन्दका बेला सडक र राजमार्गमा सामान र मानिसको यात्रामा एकदमै बाधा हुन्छ, जसले खाद्यसामाग्री वितरण र एम्बुलेन्सको आवतजावतमा पनि व्यावधान ल्याउँछ (इन्सेक, २०१२ ख) । २००९ को अप्रिलमा भएको १३ दिने बन्दले गर्दा मुख्य सामाग्रीहरूको संचय, पहाडी र हिमाली बजारको ४० प्रतिशतसम्म हुन गयो लूएफपि, २००९, पृ. ५) । बन्दले ठूलो मात्रामा यातायात व्यावधान ल्याउँछ, किनकि विरोधकर्ताहरूले, प्रभावकारी ढंगल कुनै इलाकामा पहुँच रोक्न, प्रमुख आर्थिक इलाका भित्र र बाहिर जाने मुख्य बाटाहरू घन्टौं, दिन र हप्तासम्म नि रोकिदिने गर्छन् । साना कृषकहरू, जसले आफ्ना उत्पादन ताजा रहँदानै बजार पुऱ्याइसक्नु पर्ने हुन्छ,उनीहरू सबै भन्दा मारमा पर्छन् किनकि उनको उत्पादन गोदाममै कुहिन जान्छन् (हिमालयन न्यूज सर्विस, २०१०) । बन्का अप्रत्यक्ष मूल्य पनि हुन सक्छन्, जस्तै पर्यटन र वैदेशिक लगानीलाई निरुत्साहित बनाउने (गिरी, २०१२) ।*

तालिका ३ **अपराधका कारण भएको आर्थिक नोक्सान, २००७–१२ (न=१६०)**

| प्रतिव्यवसाय औसत प्रत्यक्ष नोक्सान, २००७-१२ | २०१२ को औसत प्रत्यक्ष नोक्सान | प्रत्यक्ष नोक्सानको हद | जम्मा प्रत्यक्ष नोक्सान, २००७-१२ | जम्मा प्रत्यक्ष नोक्सान, २०१२ मात्र |
|---|---|---|---|---|
| नेरु ५४५,४३४<br>( ६,२१८ अमेरिकी डलर) | नेरु २१८,५०८<br>( २,४९१ अमेरिकी डलर) | नेरु ६,०००- १ करोड<br>( ६८- ११४,०००अमेरिकी डलर) | नेरु २१,८३१,०००<br>(२४८,८७३ अमेरिकी डलर) | नेरु १२,६७३,५००<br>( १२,६७३,५०० अमेरिकी डलर) |

स्रोत: आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

कम जोखिम भएको र बीमा सम्बन्धि प्रक्रियामा कागजी झमेला भएको बताए । यसले गर्दा बीमा नगरिएका व्यवसायलाई अपराध र हिंसाबाट नोक्सान हुँदा त्यसको असर गुणात्मक हुनजान्छ। बन्द नेपालकै मात्र विशिष्टता भने होइन (भारत र बंगलादेशमा पनि यसप्रकारका विरोध हुने गर्छन्), तर यि अब देशको राजनैतिक संस्कार नै बनिसके को छ (गिरी, २०१२)। इन्धन वा उर्जा अभाव देखि मजदूर विवादसम्म, र राजनैतिक वा सामाजिक अधिकार, न्याय वा अपराध अनुसन्धानको माग जस्ता विभिन्न गुनासा व्यक्त गर्ने माध्यमका रुपमा प्रयोग हुन्छन् । तर, मुख्यत: यिसँग जोडिएको आर्थिक नोक्सानका कारण सँगसँगै आयोजित हुने बन्दविरोधी अभियान र बन्दका कारण हुने ट्राफिकजाम जस्ता कुराले, बन्दले आफ्नो उद्धेश्य प्राप्ति गर्न सकिने कुरामा प्रश्न उठ्न थालेका छन् (गिरी, २०१२)

## व्यवसायहरूका लागि सुरक्षा व्यवस्था र अपराध रोकथाम


अपराध र अस्थिरताका प्रतिक्रियास्वरुप, नेपाल सरकारले प्रहरी र सशस्त्र प्रहरी बल परिचालन गरेको छ । व्यवसाय सर्वेक्षणका उत्तरदाताहरूका अनुसार, उनीहरूको इलाकामा प्रहरी नै प्रमुखसुरक्षा प्रदायक हुन् (९३ प्रतिशत प्रतिक्रिया), जसपछि नीजि सुरक्षा गार्ड (२५ प्रतिशत प्रतिक्रिया), टोलछिमेक समूह (२४ प्रतिशत), राजनैतिक पार्टी कार्यकर्ता (१९ प्रतिशत), सामुदायिक सुरक्षा समूह (११ प्रतिशत), र सैनिक (८ प्रतिशत)[२८] पर्छन् । प्रहरीको उपस्थिति बढि छ: एक चौथाइ भन्दा बढि उत्तरदाताले आफ्नो व्यवसाय भएको इलाकामा दिनमा कम्तीमा एक पटक प्रहरी गस्ती देख्ने गरेको बताए (बक्स ३ हेर्नुस्)। सबै कोरिडोरमा प्रहरी प्रमुखसुरक्षा प्रदायकका रुपमा बताइए, तैपनि तथ्यांकले केहि महत्वपूर्ण भौगोलिक भिन्न्ता भने देखाउँछ। जस्तै, मोरङ्ग-सुनसरी र बुटवल-भैरहवा कोरिडोरमा व्यवसायहरूले प्रहरी पछि आफ्नो इलाकामा सबैभन्दा महत्वपूर्ण सुरक्षा प्रदायकका रुपमा राजनैतिक नेता र कार्यकर्ता रहेको बताए । कैलाली-कञ्चनपुर, बाँके, र बारा-पर्सा-मकवानपुर कोरिडोरका धेरै उत्तर दाताले टोलछिमेक समूह सुरक्षा प्रदायक रहेको बताए । फेरि, नीजि सुरक्षा गार्डलाई कैलाली-कञ्चनपुरबाहेक, सबै कोरिडोरमा महत्वपूर्ण सुरक्षा प्रदायक मानियो । सबै कोरिडोरमध्ये, बारा-पर्सा-मकवानपुर र मोरङ्ग-सुनसरीमा प्रहरी र सशस्त्र प्रहरी बलले सक्रियता साथ सुरक्षा प्रदान गरेको पाइयो । यो अनौठो कुरा पत्ता लागेको होइन, किनकि नेपालको दुई सबैभन्दा व्यस्त भारतसँगको सीमा क्षेत्र यिनै कोरिडोरमा पर्छन्: बारा-पर्सा-मकवानपुरमा बीरगञ्ज र मोरङ्ग-सुनसरीमा बिराटनगर । प्रहरी र सशस्त्र प्रहरी बलको उपस्थिति यि कोरिडोर क्षेत्रमा उल्लेख्य हुनुले सीमापारको अवैध व्यापार र तस्करी घटाउन सरकारी कदम छ भन्ने जनाउँछ ।२०११ को तुलनामा, प्रहरीको कार्यसम्पादनप्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको देखिन्छ, किनकि सर्वेक्षणका झण्डै ६० प्रतिशत उत्तरदाताले २०१२ मा प्रहरीको कार्यसम्पादनमा सुधार आएको बताएका छन् चित्र १० हेर्नुस्) । शिक्षाबाहेक,सबै क्षेत्रका प्राय उत्तरदाताले, अघिल्लो वर्षभन्दा २०१२ मा प्रहरीको कार्यसम्पादन गएको वर्षभन्दा सुध्रेको बताए । यसले द्वन्द्वपश्चातको नेपालमा सबै उद्योगमा सुरक्षाको अवस्थामा बिस्तारै सुधार आउँदै गएको पनि जनाउँछ । यसले शिक्षा क्षेत्रको आयाम भिन्दै छ भन्ने पनि औंल्याउँछ, जहाँ कम उत्तरदाताले मात्र प्रहरीको कार्यसम्पादनमा सुधार आएको बताए । यसको कारण २०१२ मा भएका विभिन्न हडतालहरूमा केहि स्कूल र कलेजलाई जबरजस्ती बन्द गर्न लगाइएकोले पनि हुन सक्छ ।

बक्स ३ मा प्रहरीको कार्यसम्पादन प्रति राम्रो धारणाले अपराधको उजुरी धेरै नै हुने गरेको छ भन्ने पनि जनाउँछ। व्यवसायीक उत्तरदाताले बताएका २०१२ का तोडफोडका १८ केस र १७ हमलामध्ये, दुई तिहाइ भन्दा बढि प्रहरीमा उजुरी गरिएको थियो। तर, उत्तर दाताले बताएका २०१२ का ४२ चोरीमध्ये, केवल १८ मात्र उजुरी गरिएको थियो । अपराधको उजुरी गर्नुको प्रमुख कारणमा सम्पत्ति फिर्ता र अपराध रोकथाम पर्छन्, तर सँगसँगै "अपराधको उजुरी गर्नुपर्छ" भन्ने बुझाई पनि हो, जसले न्यायको खोजीका लागि उजुरी गर्ने धारणा विकास हुँदै जानुको सबलता पनि देखाउँछ। ठगी र असुली भने तुलनात्मक रुपमा कम उजुरी भएका छन्, शायद

### बक्स ३ व्यवसायको आँखामा प्रहरीको कार्यसम्पादन

प्रमुख सुरक्षा प्रदायक भनिएका, प्रहरीले व्यवसायीक समुदायबाट प्रायश: सकारात्मक मूल्यांकन पाएका छन्, जहाँ अन्तरवार्ता लिइएकामध्ये ८० प्रतिशतले प्रहरीले अपराधविरुद्व लड्न र रोकथाम गर्न राम्रै काम गर्ने गरेको बताए, र थप ५ प्रतिशतले उनीहरूले एकदम राम्रो काम गर्ने गरेको बताए (चित्र ९ हेर्नुस्) । नेपालका सबै प्रमुख औद्योगिक कोरिडोरहरूले अपराध रोकथाम र नियन्त्रणमा प्रहरीको कार्यसम्पादन सकारात्मक रहेको बताए । तरै पनि, काठमाडौं उपत्यका र मोरङ्ग-सुनसरी कोरिडोरका १५ प्रतिशत व्यवसायले प्रहरीको कार्यसम्पादन केहि नराम्रो वा एकदम नराम्रो रहेको बताए । समग्र औसत हेर्दा यो अझै सकारात्मक नै देखिन्छ, जसमा उपत्यकाका ७८ प्रतिशत उत्तरदाताले २०१२ मा प्रहरीको कार्यसम्पादन राम्रो मानेका छन् । बाँकेले सबैभन्दा बढि सकारात्मक मूल्यांकन गरेको छ, जहाँ सबै उत्तरदाताले प्रहरीको कार्यसम्पादन मन पराएका छन् । सबै उद्योगमा हेर्दा, संचार क्षेत्रका उत्तरदाता अपराध रोकथाम र नियन्त्रणमा प्रहरीको कार्यसम्पादनबाट सबैभन्दा सन्तुष्ट रहेको बताए । अर्कातर्फ, बैंकिङ्ग र निर्माण क्षेत्रका उत्तरदाता प्रहरीको कार्यसम्पादनबाट अलि बढि असन्तुष्ट रहेको बताए ।


चित्र ९ २०१२ मा प्रहरीको कार्यसम्पादन



धेरै राम्रो काम ५.० %
ठीक-ठीकै ८२.५ %
त्यति ठीक गरेनन ८.८%
एकदम ठीक गरेनन् १.९ %
थाहा छैन/उत्तर दिन नचाहेको १.९ %

स्रोत: आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

चित्र १० प्रहरीको कार्यसम्पादनमा परिवर्तन, २०११-१२



सुधिएको ५६.९ %
अपरिवर्तित ३६.३ %
बिग्रिएको ३.८ %

स्रोत: आइआइडिएस र साना हतियार सर्वेक्षण (२०१२)

२०११ को तुलनामा, प्रहरीको कार्यसम्पादन प्रतिको दृष्टिकोणमा सकारात्मक परिवर्तन आएको देखिन्छ, किनकि सर्वेक्षणका झण्डै ६० प्रतिशत उत्तरदाताले २०१२ मा प्रहरीको कार्यसम्पादनमा सुधार आएको बताएका छन् चित्र १० हेर्नुस्) । शिक्षाबाहेक,सबै क्षेत्रका प्राय उत्तरदाताले, अघिल्लो वर्षभन्दा २०१२ मा प्रहरीको कार्यसम्पादन गएको वर्षभन्दा सुध्रेको बताए । यसले द्वन्द्वपश्चातको नेपालमा सबै उद्योगमा सुरक्षाको अवस्थामा बिस्तारै सुधार आउँदै गएको पनि जनाउँछ। यसले शिक्षा क्षेत्रको आयाम भिन्दै छ भन्ने पनि औंल्याउँछ, जहाँ कम उत्तर दाताले मात्र प्रहरीको कार्यसम्पादनमा सुधार आएको बताए । यसको कारण २०१२ मा भएका विभिन्न हडतालहरूमा केहि स्कूल र कलेजलाई जबरजस्ती बन्द गर्न लगाइएकोले पनि हुन सक्छ ।

प्रतिघातको डरले हुनसक्छ (राकोभिटा, मुरे, र शर्मा, २०१३, पृ. ४६-४७)। सर्वेक्षण गरिएका व्यवसायहरूले बताए अनुसार घुस मागको ९० प्रतिशत भन्दा बढि केसको अधिकारीहरू सामु उजुरी हुँदैन, जुन ठगी र असुलीमा भन्दा कम हो, जुनकि २०१२ मा एक तिहाइ जति मात्र उजुरी भएका थिए। बारा-पर्सा-मकवानपुर कोरिडोरका व्यवसायले अन्य ठाउँकाले भन्दा कम उजुरी गर्ने गरेको देखियो, जसले गर्दा अपराधिकतालाई गुणक असर पर्न सक्छ, किनकि औपचारिक अनुसन्धान र कारवाहि नहुँदा यस्ता क्रियाकलाप बढ्नमा उत्प्रेरणा मिल्छ। अपराधको उजुरी नगर्नुको कारणमा, व्यवसायहरूले कम प्रभावको अपराध (विशेषगरि सानातिना चोरी) र दोषीलाई पहिचान गर्न प्रमाणको कमीलाई बताए। व्यवसायहरू आफैंले पनि अपराध र हिंसाबाट जोगिन सुरक्षा विधिहरू अपनाउँछन्। अन्तरवार्ता लिइएकामध्ये झण्डै ६० प्रतिशतले अपराध रोकथामका कम्तीमा एक प्रणाली जडान गरेका छन्। यि विधिहरूमा तारबार वा छेकबार राख्नेदेखि (९२ प्रतिशत केसमा) विशेष प्रकारको झ्याल सुरक्षा (८६ प्रतिशत), सिसिटिभी जडान (१४ प्रतिशत), नीजि सुरक्षागार्ड भर्ती (८८ प्रतिशत), र बन्दुक खरिदसम्म (६ प्रतिशत) पर्छन्। ऐतिहासिक र अन्तराष्ट्रिय रुपमा पनि, नीजि सुरक्षा व्यवस्था गर्ने नौलो कुरा होइन र दोस्रो विश्वयुद्धको अन्त्यतिर सम्म पनि देखिन्छ (आयुश्मा, २००९) तर, नेपालमा भने नीजि सुरक्षा व्यवस्थाको सेवा प्रदान गर्ने अभ्यास २००२ तिर शुरु भएर २००६ को द्वन्द्व समाप्तिसम्म फैलिने क्रम रह्यो (बक्स ४ हेर्नुस्)। सुरक्षागार्ड भर्ती र तारबार वा छेकबार राख्नेबाहेक, नेपालका व्यवसायहरूले सिसिटिभी क्यामेरामा पनि बढ्दो लगानी गरे का छन्। उदाहरणका लागि, २०१३ को शुरुतिर, मोरङ्ग-सुनसरी औद्योगिक कोरिडोरका उद्यमीहरू र नेपाल सरकारले विराटनगर बजार क्षेत्रमा अपराध र जबरजस्ती चन्दा रोक्नका लागि सिसिटिभी जडानमा नेरु ७८ लाख (८८,९२० अमेरिकी डलर) लगानी गरे (इकान्तिपुर, २०१३)।

व्यक्तिगत सुरक्षाका तरिका बाहेक, सर्वेक्षणका उत्तरदाताहरूले अपराध र हिंसा रोकथामका लागि सर्वसाधरण-नीजि साझेदारीमा एकदम रुचि व्यक्त गरे।[३६] अन्तरवार्ता लिइएका व्यवसायहरूमध्ये बहुसंख्यकले ८५ प्रतिशत) उनीहरू अपराध विरुद्धका सहकार्यमा भाग लिन इच्छुक हुने बताए। यो सुरक्षा बढाउन र अपराध रोकथाम गर्न सहकार्य गर्ने, धेरै सम्भाव्यता भएर पनि छायाँमा परेपनि विश्वका विभिन्न स्थानहरूमा भने परिवर्तनको शक्ति बनेको पनि छ।[३७]

## निश्कर्ष

संविधानसभा बिघटनले निम्त्याएको निरन्तरको राजनैतिक अनिश्चितताले कमजोर बनाइदिएको नेपाली अर्थतन्त्रले अझै पनि गृहयुद्धबाट पुगेको क्षतिबाट माथि उक्लन बाँकी नै छ। सर्वेक्षण गरिएका व्यवसायहरूले, अस्थिर राजनैतिक अवस्थालाई २०१२ मा, संचालन र प्रत्यक्ष वैदेशिक लगानी दुवैका सन्दर्भमासामना गर्नुपरेको सबैभन्दा ठूलो एकल समस्याको रुपमा पहिचान गरे। अन्तरवार्ता लिइएका बहुसंख्यक व्यवसायले, विगत पाँच वर्षमा कम्पनी, परिसर, वा त्यहांका कर्मचारीमा लक्षित गरिएको कम्तीमा एक अपराध वा हिंसाको घटनाको पीडा भोगेको बताए, जुन २०११ को घरधुरी सर्वेक्षणमा देखिएको व्यक्तिगत उत्पीडनको राष्ट्रिय दर भन्दा निकै बढि छ। यसले व्यवसायहरू असुली, चोरी, वा घुस माग जस्ता आर्थिक रुपले उत्प्रेरित अपराधहरूबाट लक्षित गरिएका हुनसक्छन् भन्ने इंगित गर्छ। एक दशक लामो द्वन्द्वको मारमा परेको नेपाली अर्थतन्त्रले अझै पनि आधारभूत संरचनाको क्षति र कमजोर वैदेशिक लगानीको प्रवाहको रुपमा, द्वन्द्वको मूल्य चुकाउँदैछ। त्यसमाथि, द्वन्द्वपश्चातको असुरक्षा र अपराधले अर्थतन्त्रको सुधारको प्रयासलाई अझै कमजोर बनाएको छ, र व्यवसायहरूले हडताल, बन्द र -केहि कम मात्रामा-प्रत्यक्ष अपराधका कारण करोडौं नेपाली रुपियाँ बराबरको नोक्सान व्यहोर्नुपर्ने हुन्छ।

अन्तरवार्ता लिइएका व्यवसायहरू औपचारिक सुरक्षा व्यवस्थामा साधरणतया विश्वस्त देखिए र प्रहरीको अपराध सामना गर्ने कार्यसम्पादनको सराहना गरे। उनीहरूले आफ्नो व्यक्तिगत सुरक्षाका लागि, विशेष गरि नीजि सुरक्षागार्डमा भर परेर, अपराध रोकथाम गर्ने अभिप्रायले बनाइएका तरिकाहरू पनि अपनाएका छन्। नेपाली व्यवसायहरू सर्वसाधारण-नीजि सुरक्षाका तदर्थ पहलहरूमा संलग्न हुनेगरेका छन् र अपराध विरुद्ध दिर्घकालीन सहकार्यमा पनि रुचि व्यक्त गरेका छन्। यसले चाहना मात्र होइन, देशको अर्थ र सुरक्षाको पुन:निर्माणमाव्यवसायीकक्षेत्रको सहभागिताको सम्भावना पनि प्रष्ट देखाउँछ।

### बक्स ४ नीजि सुरक्षागार्डको व्यवसाय

द्वन्द्वको शुरुवाततिर सुरक्षा सेवा प्रदान गर्ने कम्पनीहरूको सङ्ख्या ह्वात्तै बढ्यो र वृहत शान्ति समझौता निश्कर्षमा पुगुन्जेल बढ्नेक्रम जारी रह्यो। जहाँ १९९४ मा केवल चार नीजि सुरक्षा कम्पनी कम्पनी रजिष्टारको कार्यालयमा औपचारिक रुपमा दर्ता भएका थिए, त्यहिं २००२ मा आएर यो सङ्ख्या १९७ पुग्यो, २००६मा द्वन्द्व सकिने बेलामा २६९ पुगिसकेको थियो, र २००९ सम्म आइपुग्दा ७०० भन्दा बढि भयो (रिपब्लिका, २००९)। २०१३ मा दर्ता भएका कम्पनीको सङ्ख्या ७००[२९] र १,०००[३०] का बिच रहेको, जसमध्ये आधिभन्दा बढि मध्यमाञ्चल क्षेत्रमा केन्द्रिकृत रहेका छन् ओसिआर, २०१३)। कम्पनी दर्ता नवीकरणको तथ्यांक क्षेत्रिय कार्यालयमा केन्द्रिकित गरिने अप्ठ्यारोका कारण, हाल वास्तविक रुपमासंचालनमा रहेका नीजि सुरक्षा कम्पनीको सङ्ख्या यकिन गर्न सकिन्न। दर्ता भएका मध्ये केवल आधिमात्र संचालनमा छन् भन्ने अनुमान गरिन्छ।[३१] स्रोतहरूका अनुसार २०१३ मा १००,००० देखि २००,००० व्यक्ति नीजि सुरक्षा कम्पनीहरूबाट काममा लगाइए र गार्डहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै तहमा पठाइए,[३२] जसले यो क्षेत्रलाई आर्थिक रुपमा रोजगारीका लागि महत्वपूर्ण क्षेत्र बनाउँछ (थापा, २०१०)।

सुरक्षा पेशाकर्मी सङ्घका अनुसार[३३], बैंक, अस्पताल, कलेज, र अन्तर्राष्ट्रिय संस्थाहरू नीजि सुरक्षा कम्पनीका प्रमुख ठेकेदार हुन्। सर्वेक्षण गरिएका व्यवसायहरूले बताए अनुसार उनीहरूले आफ्नो परिसरको सुरक्षाका लागि अपनाउने विधिमध्ये, ६८ प्रतिशतले निशस्त्र गार्ड र अर्को २५ प्रतिशतले सशस्त्र नीजि सुरक्षाकर्मी राख्ने गरेको बताए।[३४] नीजि सुरक्षाकर्मीहरूलाई प्राय काठको लठ्ठी वा खुकुरी (परम्परागत चक्कु) राख्न दिइन्छ, र कहिलेकाहिं मात्र हातहतियार राख्न दिइन्छ (रिपब्लिका, २००९)। कानून अनुसार, बैंक र वित्तिय संस्थामा काम गर्ने बाहेक अन्य नीजि सुरक्षाकर्मीहरूलाई हातहतियार राख्ने अधिकार छैन (आयुश्मा, २००९, पृ. २२८), जसका लागि पनि रक्षा मन्त्रालयको स्वीकृति लिनुपर्ने हुन्छ। (काठमाडौं पोष्ट, २०१३ख)।

नीजि सुरक्षा कम्पनीहरू प्राय भूतपूर्व सैनिक वा प्रहरीलाई, विशेषगरि हातहतियार प्रयोग गर्नुपर्ने गार्डका पदमा, भर्ती गर्न मन पराउँछन् (काठमाडौं पोष्ट, २०१३ख)। पेशागत सुरक्षा व्यवस्थाको अहिलेको भाग हेर्दा, केहि कम्पनीहरूले नयाँ उम्मेद्वारलाई भर्ती गरेर एकदेखि छ हप्तासम्म चल्ने सुरक्षा तालीम कार्यक्रमहरूमा पठाइन्छन्। तालीमका विश्वव्यापी मापदण्ड छैनन् (काठमाडौं पोष्ट, २०१३ख)।[३५] नीजि सुरक्षाकर्मीलाई व्यक्ति र सम्पत्ति दुवैको सुरक्षार्थ खटाइन्छ, र सँगसँगै संस्थान र उपकरणको पनि सुरक्षा गर्नुपर्ने हुन्छ। २०१३ मा उनीहरूको मासिक तलब नेरु ७,५०० (८५.५अमेरिकी डलर) देखि नेरु १५,००० (१७१ अमेरिकी डलर) को हाराहारीमा थियो (काठमाडौं पोष्ट, २०१३ख)। नेपालमा व्यवसायहरूले काममा राख्ने सुरक्षाकर्मीहरूको कार्यसम्पादन बारे कुनै भरपर्दो सूचकहरू छैनन्।

## नोट

१ नेपालका द्वन्द्वपीडितहरूको निश्चित सङ्ख्या अझैपनि विवादित छ, जसमा मृत्यु हुनेको सङ्ख्या १२,३३९- यो सङ्ख्या अनौपचारिक क्षेत्र सेवा केन्द्रले १९९६ देखि २००६को नोभेम्बर अन्त्यसम्म, जब वृहत शान्ति सम्झौतामा हस्ताक्षर भयो, संकलन गरेको तथ्याङ्कमा आधारित छ- देखि १६,००९ (यू.एन.सि.टि.एन., २०११, पृ.८५) सम्म पाइन्छ । आन्तरिक विस्थापन अनुगमन केन्द्रले युद्धको समयमा भएका आन्तरिक विस्थापितहरूको सङ्ख्या करिब २००,००० भएको अनुमान गरेको थियो (आइ.डि.एम.सि., २०१२) ।

२ यो दस्तावेजभरि "व्यवसाय" भन्ने शब्दलाई "नीजिक्षेत्र"को पर्यायवाचीको रुपमा प्रयोग गरिएको छ । नेपालमा संचालित ३७ सार्वजनिक संस्थानहरू छन् भन्ने कुरालाई मान्यता दिएपनि (समृद्धि एन.डि.)हाम्रो सर्वेक्षण र तत्पश्चातका विश्लेषण मुख्यत: नीजिक्षेत्रमा केन्द्रित छन् ।

३ नेपाली रुपियाँ (नेरु) बाट अमेरिकी डलरमा सटही दर: अमेरिकी डलर १= नेरु ११४ मा आधारित छ, जुन १ अगस्ट २०१२ देखि ३१ अगस्ट २०१३ दौरानको औसत हो (ओ आन्डा, एन.डि.) ।

४ निर्माण क्षेत्रलाई सोचेरै नमूना चयनमा पारिएको हो, किनकि यसमा भएका धेरै तत्वहरू सूचीमा भएका अन्य क्षेत्र, विशेषगरि उत्पादन क्षेत्रसँग, मेल खान्छ । त्यसविपरित, उर्जा र खानी क्षेत्रलाई, यिनीहरूको उल्लेख्य आकारका बावजूद, यिनको सार्वजनिक क्षेत्रसँगको खास सम्बन्धका कारण नमूना चयनमा राखिएको छैन ।

५ यो आइएसआइसि, कम्पनीको क्रियाकलापका आधारमा आर्थिक तथ्यांक वर्गीकरण गर्ने यूएन प्रणाली हो ।

६ गत दश वर्षमा नेपालको गरिबीको दर निरन्तररुपमा घटेको छ । १९९५ -९६ मा ४० प्रतिशतभन्दा बढि नेपालीहरू गरिबीमा बाँचिरहेको अनुमान गरिएको थियो, तर यो सङ्ख्या २००३-०४मा घटेर ३० प्रतिशतको हाराहारीमा थियो भने २०११ को जनगणनामा करिब २५ प्रतिशत थियो (सिबिएस, २०११क, पृ.२३) । तर,समग्र गरिबी घट्ने क्रमसँगै असमानता विद्यमान रहेको छ, अहिले पनि कुल आयको ४२ प्रतिशत माथिल्लो २० प्रतिशत जनसङ्ख्यासँग रहेको छ, जुन २००३मा ५१ प्रतिशत थियो (विश्व बैंक, एनडिए)

७ नेपालको प्रत्यक्ष वैदेशिक लगानी २००८ मा अमेरिकी डलर ९९५,१२४ बाट बढेर २००९मा अमेरिकी डलर ३८,१७६,१८१, २०१० मा अमेरिकी डलर ८७,७९९,६४२, र २०११ मा अमेरिकी डलर ९४,०२२,२७५ छ (विश्व बैंक, एनडिए) ।

८ २००८ मा देशको विद्यमान सडकमध्ये आधिभन्दा अलि बढि पीच भएका थिए ( विश्व बैंक, एनडिए) ।

९ विद्युत आपूर्तिमा रोकावटका कारण नीजि क्षेत्रले कुल बिक्रिको करिब एक तिहाइ - २७ प्रतिशत - २००९ मा गुमाउनु पर्यो भने २०१३ मा १० प्रतिशत ( विश्व बैंक, एनडिए) ।

१० जोरस (२००८, पृ. २६)का अनुमान अनुसार नेपालमा द्वन्द्वको मुल्य कुल ग्राहस्थ उत्पादनको वार्षिक २ देखि ८ प्रतिशत थियो ।

११ दुई अध्ययनको तुलना ध्यानपूर्वक गर्नुपर्छ, किनकि सर्वेक्षणका विधि फरक थिए । २०१० को सर्वेक्षणमा १,०२३ व्यवसाय समावेश थिए । उत्तरदातालाई व्यवसायीक बृद्धिका बाधा परिभाषित गर्न एकभन्दा बढि उत्तर छान्न दिइएको थियो ।

१२ यूएन नेपाल प्लाटफर्मको तथ्याङ्क अनुसार नेपालमा २०१० मा ९१ छुट्टाछुट्टै बन्द/हडतालका दिन थिए भने २०१२ मा १२५ थिए (यूएनएनआइपि, एन् डी )

१३ सुरक्षित बीरगञ्ज, पर्सा जिल्लाका नीजि क्षेत्र र स्थानिय समुदाय संलग्न भएको संयुक्त सुरक्षाको परियोजना थियो । यस अन्तर्गत अति-जोखिम सडकहरूमा प्रहरीले अनुगमन गर्नेगरि १३ सिसिटिभी क्यामरा जडान गरिएको थियो (सेफरवर्ल्ड, २०१३, पृ. १९) ।

१४ जनवरी २०१३मा व्यवसायी र मोरङ्ग चैम्बर अफ कमर्स एशोसिएसनका पूर्व अध्यक्षको अपहरण र हत्याले स्थानिय व्यवसायीक समुदायलाई हल्लाइदिएको थियो र नेपाल भारतको खुला सीमा सुरक्षामा थप सहकार्यको आह्वान भएको थियो (नेपाल न्यूज, २०१३) ।

१५ व्याप्तता भनेको सदर्भ समयावधिमा कम्तीमा एक अपराधको पीडित भएका व्यवसायका सङ्ख्या र अन्तर्वार्ता लिइएको जम्मा व्यवसायको सङ्ख्याको अनुपातलाई, १००ले गुणन गरिएको हो । घटनाको दर भनेको निश्चित समयावधिमा एक जनसङ्ख्यामा कुनै घटना घट्ने क्रमको मापन हो । वितरण भनेको एक जनसङ्ख्यामा घटनाहरूको नित्यता र गुणहरूको ढाँचा हो (कोलम्बिया यूनिभर्सिटी, एनडि) ।

१६ १९८९ र २००७ का बिच भएका व्यवसायमा हुने अपराधका सर्वेक्षणहरू समिक्षाका लागि, ब्रोडहर्स्ट र साथीहरू (२०११, पृ. २२१- २५) हेर्नुस् ।

१७ २०११ जनगणनाको तथ्यांक अनुसार, काठमाडौं जिल्लाको जनसङ्ख्या १,७७४,२४० छ, जुन प्रति वर्ग किमी को सबैभन्दा बढि जनघनत्व हो (४४१६), र सबैभन्दा ठूलो दशकिय जनसङ्ख्या बृद्धि हो (६१ प्रतिशत) (सिबिएस, २०११ख, पृ. ३,४०) ।

१८ जबरजस्ती चन्दा' भन्ने शब्दले नेपालमा सामान्यतया जबरजस्ती असुलीलाई बुझिन्छ जुन व्यवसाय वा व्यक्तिसँग धम्की, त्रास, वा भौतिक अप्ठ्यारो पारेर मागिने रकम वा जिन्सी हो । यो 'स्वेच्छिक चन्दा' भन्दा फरक छ, जुन राजनैतिक वा सामाजिक सहयोगका लागि संकलन गरिने व्यापक अभ्यास रहेको छ ।

१९ माओवादी करमा प्राय जिन्सी योगदानको माग हुन्थ्यो, वार्षिक कि त उब्जनी वा बालीमा प्रतिशत (जस्तै, २००३मा, २०-४० केजी अन्न प्रतिवर्ष प्रति परिवारबाट मागिएको थियो), तर शिक्षकहरू र सरकारी कर्मचारीको निर्धारित आयबाट निश्चित प्रतिशत मागिएको थियो (मर्सि कोर, २००३, पृ. ६८) ।

२० यार्सागुम्बा नेपाल र भुटानमा पाइने औषधिय च्याउ हो । माओवादी द्वन्द्वका बेला यार्सागुम्बाको मौसमी व्यापार सशस्त्र समूहका आयको बलियो स्रोत बनेको थियो, किनकि २००३ मा एक केजी ७४ अमेरिकी डलरमा बिक्थ्यो, र यस च्याउको व्यायारले २००४मा कुल आय ६००,००० अमेरिकी डलर गर्‍यो भनिन्छ (आइसिजि, २००५, पृ. १८) ।

२१ यस सर्वेक्षणमा लागि, भ्रष्टाचारलाई "कुनै सेवा सहज पार्न, फाइदा लिन, आदिका लागि मागिने वा दिइने घुस" भनेर परि भाषित गरिएको छ ।

२२ २०११भन्दा नेपालको स्तर भ्रष्टाचारमा माथी उठेको छ, जब यो विश्वमा १५४औं स्थानमा थियो, त्यसबाट २०१२मा १३९औंमा पुगेको छ (टिआइ, एनडि) । ट्रान्स्परेन्सी इन्टरनेशनलका अनुसार, "भ्रष्टाचार दृष्टिकोण इन्डेक्सले देश/राज्यलाइ त्यहांको

सरकारी क्षेत्र कतिको भ्रष्टाचारी छ भन्ने धारणाको आधारमा श्रेणीबद्ध गर्छ। यो मिश्रित इन्डेक्स हो, जसमा विभिन्न स्वतन्त्र र प्रतिष्ठित संस्थाले गरेका भ्रष्टाचार सम्बन्धि विज्ञ र व्यवसायीक सर्वेक्षणलाई आधार मान्छ।"

२३ २०११भन्दा नेपालको स्तर भ्रष्टाचारमा माथी उठेको छ, जब यो विश्वमा १५४ औं स्थानमा थियो, त्यसबाट २०१२मा १३९ औंमा पुगेको छ (टिआइ, एनडि)। युद्धसमाप्ति पछि नेपालको स्थान भ्रष्टाचार दृष्टिकोण इन्डेक्समा तलमाथि हुने गरेको छ, २००७ मा १३१ औं स्थान, २००८मा १२१ औं स्थान, २००९मा १४३ औं स्थान, २०१०मा १४६ औं स्थान (टिआइ, एनडि)। ट्रान्स्परेन्सी इन्टरनेशनलका अनुसार, "भ्रष्टाचार दृष्टिकोण इन्डेक्सले देश/राज्यलाई त्यहांको सरकारी क्षेत्र कतिको भ्रष्टाचारी छ भन्ने धारणाको आधारमा श्रेणीबद्ध गर्छ। यो मिश्रित इन्डेक्स हो, जसमा विभिन्न स्वतन्त्र र प्रतिष्ठित संस्थाले गरेका भ्रष्टाचार सम्बन्धि विज्ञ र व्यवसायीक सर्वेक्षणलाई आधार मान्छ। "

२४ कटुवा भनेको कारखानामा उत्पादन हुने नभएर बनाइने बन्दुक हुन् (जसकारण यिनलाई घरमा बनाइएको बन्दुक पनि भनिन्छ)।

२५ नेपालमा द्वन्द्वको आर्थिक असरका अध्ययन भन्दा सङ्ख्या र प्रष्ट देखिनेमा कम भएपनि, केहि अनुसन्धानकर्ताले द्वन्द्वपश्चातको नीजि क्षेत्रमा हिंसा र अपराधिकताका असर मा अध्ययन गरेका छन्। थप जानकारीका लागि, एडिबि, डिएफआडि, र आइएलओ (२००९) स डब्लूएफपि (२००९) हेर्नुस्।

२६ २००७ र २०१२ बिचमा अपराधका कारण नोक्सान लागेका प्रत्येक व्यवसायका लागि, वार्षिक आम्दानीको भागको रुपमा अपराधका कारण भएको प्रत्यक्ष नोक्सान हिसाब गरिएको थियो। एक केसको सन्दर्भमा यो ५० सम्म पनि थियो, तर साधारणतया, साना व्यवसायका ( वार्षिक नेरु १ करोड कम आम्दानी भएका) लागि यो सङ्ख्या ०.१ र ५.४५ प्रतिशतका बिच थियो।

२७ चक्काजाम भनेका यातायात हडताल वा बन्द हुन्।

२८ प्रमुख सुरक्षा प्रदायकका अंक एकभन्दा बढि उत्तर छान्ने प्रश्नमा आधारित छन्।

२९ मार्च २०१३ सम्ममा कम्पनी रजिष्ट्रारको कार्यालयमा ७०० भन्दा बढि नीजी सुरक्षा कम्पनी सूचीकृत छन्। यो अंकले सुरक्षागार्ड प्रदान गर्ने सबै कम्पनी साथै सुरक्षागार्डलाई तालीम दिने आदि जस्ता सुरक्षा सेवा प्रदान गर्ने कम्पनी पनि पर्छन्। यो अंकले वित्तिय तवरमा दिने "सुरक्षा सेवा" लाई समावेश गर्दैन।

३० सुरक्षा पेशाकर्मी संघका महासचिवसँगको अन्तरवार्ताका अनुसार, अन्तरवार्ताका बखत करिब १,००० नीजी सुरक्षा कम्पनी देशमा दर्ता भएका छन्, जसमध्ये आधिजसो मात्रै संचालनमा रहेको थियो (सुबिन्द्र बोगटीले सुरक्षा पेशाकर्मी संघका प्रतिनिधिसँग लिएको अन्तरवार्ता, काठमाडौं, २० जुन २०१३)।

३१ सुबिन्द्र बोगटीले सुरक्षा पेशाकर्मी संघका प्रतिनिधिसँग लिएको अन्तरवार्ता, काठमाडौं, २० जुन २०१३।

३२ सुबिन्द्र बोगटीले सुरक्षा पेशाकर्मी संघका प्रतिनिधिसँग लिएको अन्तरवार्ता, काठमाडौं, २० जुन २०१३।

३३ सुबिन्द्र बोगटीले सुरक्षा पेशाकर्मी संघका प्रतिनिधिसँग लिएको अन्तरवार्ता, काठमाडौं, २० जुन २०१३।

३४ यी प्रतिशतहरू एकभनदा बढि प्रतिक्रिया आउने प्रश्नमा आधारित छन्।

३५ काठमाडौंमा संचालित सुरक्षा कम्पनीहरूका उदाहरणका लागि, जस्तै काठमाडौं सेक्युरिटि सर्भिसेस र गरुड सेक्युरिटि सर्भिसेस, कम्पनी रजिष्ट्रारको कार्यालयमा सम्पर्क गर्नुहोला, जसले मार्च २०१३ सम्ममा ७०० नीजि सुरक्षा कम्पनी दर्ता भएको देखाउँछ।

३६ अपराध रोकथामका लागि सर्वसाधरण-नीजि साझेदारीको एक सफल उदाहरण स्वरुप, सुनसरी र पर्साको चैम्बर्स अफ कमर्स र स्थानिय प्रहरी मिलेर कन्टोलरुम गाडीका लागि स्ट्याण्ड र एक विशेष कार्यदल बामएका थिए, जसमा मुख्यत: सुरक्षा बढाउने सहकार्यका कदमको सम्भाव्यता छ (एनबिआइ, १०२०, पृ. ३)।

३७ जस्तै, दक्षिणी अफ्रिकामा, व्यवसायहरूले हिंस्रक अपराध र बन्दुक नियन्त्रण गर्न एक पहल गरे। त्यसैगरि, ग्वाटेमाला र एल साल्भाडोरमा, सशस्त्र हिंसा न्यूनिकरणलाई लक्षित गरिएको हतियार संकलन कार्यक्रमलाई, कम्पनीहरूले आर्थिक सहयोग गरे (नेल्सन, २०००)। यस्ता कार्यक्रमहरूमा सर्वेक्षणका उत्तरदाताहरूले अधिकतम रुचि व्यक्त गरेकाले, यिनको सम्भाव्यता निकै छ।

## आभार

लेखकहरू ब्रिगीट बोहर्स्, रोडेरिक ब्रोडहर्स्ट् र गिलिया मुगेलिनीलाई समिक्षाको लागि साथै आना अल्भाजी डेल फ्रेट, लुइगी डी मार्टिनो र इरेन पाभेसीलाई सल्लाह र सुझावको लागि धन्यवाद दिन चाहन्छन्। त्यसैगरि यो शोध-अध्ययन सफल पारि दिएकोमा साना हतियार सर्वेक्षण र एकीकृत अध्ययन प्रतिष्ठानलाई र अन्तर्वार्ता दिने सम्पूर्ण विज्ञ र सहभागीलाई अमूल्य योगदानको लागि धन्यवाद।

## सन्दर्भ सामग्री

आयुष्मा, के सी २००९। 'नीजि सुरक्षा कम्पनीहरू'। वष्णु सापकोटा, एड। नेपाली सुरक्षा क्षेत्र: एक पञ्चाङ्ग। जेनेभा : सशस्त्र बल नियन्त्रण केन्द्र जेनेभा, पृ २२५ - ३८।

एडिबि (एशियाली विकास बैंक), डिफिड (अन्तर्राष्ट्रिय विकास विभाग), र आइएलओ (अन्तर्राष्ट्रिय श्रम सङ्गठन)। २००९। नेपाल : विकासका गम्भीर व्यावधानहरु। देशका निदानात्मक अध्ययनहरू)। मनिला : एडिबि।

अलेक्जेण्डर, लिण्ड्से, कनान गुण्डुज, र डि बि सुबेदी। २००९। 'द्वन्द्वेत्तर' अर्थतन्त्र सुधार मा नीजि क्षेत्रको के भूमिका हुन्छ ? नेपालको दृष्टिकोण। शान्ति-निर्माणको आर्थिक आयामको सबलीकरण सम्बन्धि सन्दर्भ कथाहरूको शृङ्खला : इन्टरनेसनल अलर्ट।

अल्भाजी डेल फ्राट, आना। २००४।' अन्तर्राष्ट्रिय अपराध व्यावसाय सर्वेक्षण : नौ मध्य-पूर्वी यूरोपियन सहरमा पत्ता लागेका कुरा।' आपराधिक नीति तथा शोधसम्बन्धि युरोपेली जर्नल, वर्ष १०, अङ्क २-३, पृ १३७-६१

एसियाली समाचार। २०१२। 'काठमाडौंको व्यापारिक क्षेत्रमा बम पड्किँदा तीनको मृत्यु।' वेब संस्करण, फेब्रुअरी २७।<http://www.asianews.it/news-en/Bomb-hits-Kathmandu%27s-business-district,-killing-three-24089.html>

बोगटी, सुबिन्द्र, जोभाना सेरापिक, र रोबर्ट मुगाह। २०१३। छुटेको बीचको अंश : नेपालको सशस्त्र समूहको प्रवृत्ति जाँच। नेपाल सशस्त्र हिंसा अनुगमन विषय प्रस्तुति सङ्ख्या १। जेनेभा : साना हतियार सर्वेक्षण

ब्रोडहर्स्ट, रोडेरिक र साथीहर । २०११ । चिनमा व्यवसाय र अपराधको जोखिम । क्यानबेराः एएनयु इ प्रेस ।

– ब्रिगिटी बोहर्स् र थिरी बोहर्स् । २०१३ । ' चिनमा व्यवसाय र अपराधको जोखिम ।' अपराध शास्त्रसम्बन्धि बेलायती जर्नल, वर्ष ५३, अङ्क २ । नोभेम्बर, पृ २७६-९६ ।

कार्टर सेन्टर । २०११ । राजनीतिक दलका युवा सङ्गठनबीच झडप घटेका छन् तर एमाले को युथ फोर्सले चन्दा उठाउन जारी राखेको छ । एट्लान्टा, जर्जिया : कार्टर सेन्टर ।

सिबिएस (नेपालको केन्द्रिय तथ्याङ्क विभाग) । २०११क । नेपालमा गरिबी, २०१०-२०११ । काठमाडौँ : सिबिएस ।
<http://cbs.gov.np/wp-content/uploads/2012/Surveys/CBS%20view%20on%20poverty%20in%20Nepal.pdf>

– २०११ख । नेपाल जनसङ्ख्या तथा आवास गणना २०११ । काठमाडौँ : सिबिएस ।

कोलम्बिया विश्वविद्यालय । एन डि । 'रोगव्याधीसम्बन्धि शब्दावलीहरूको सूची ।'
<http://www.cs.columbia.edu/digigov/LEXING/CDCEPI/gloss.html>

क्रोजिएर, रेबेका, कनान गुण्डुज, र डि. बि. सुबेदी । २०१० । नेपालमा नीजि क्षेत्र र सार्वजनिक सुरक्षा । कार्यपत्र । काठमाडौँ : इन्टरनेसनल अलर्ट । अगष्ट ।

डि मार्टिनो, लुइगी । २०१२ । 'सशस्त्र हिंसा न्यूनिकरण, विकास सहजीकरण ।' शोध टिपोट सङ्ख्या १९ । जेनेभा : साना हतियार सर्वेक्षण ।

डिफिड (अन्तर्राष्ट्रिय विकास विभाग) नेपाल । २०१२ । कार्यसञ्चालन योजना २०११ - २०१५ । मे २०१२ मा अद्यावधिक गरिएको ।
<http://www.dfid.gov.uk/Documents/publications1/op/nepal-2011.pdf>

ढकाल, अमीत । २००३ । 'छापामार द्वन्द्वले नेपाललाई रु ५५ अर्ब नोक्सान ।' काठमाण्डु पोष्ट । वेब संस्करण, ३० अक्टोबर । <http://www.ekantipur.com/the-kathmandu-post/2009/11/10/top-stories/Differences-persist-over-Army-restructuring/1883/>

डिक्स, सियेरा, २०११ । नेपलमा भ्रष्टाचार र यसको विरोधः सिकिइएका पाठ र सम्भावित भावी पहल । नोऱ्याड प्रतिवेदन सङ्ख्या १८ ⁄ २०११ । ओस्लो : नर्वेजियन विकास सहयोग नियोग । जुन ।

इकान्तिपुर (बिराटनगर)। २०१३ । 'चन्दा माग्नेहरूले उद्यमी हैरान।' ११ मार्च । <http://www.ekantipur.com/2013/03/11/business/entrepreneurs-harassed-by-donation-seekers/368270.html>

जेनेभा घोषणपत्र । २०१० । जति हिंसा, त्यति कम विकासः सशस्त्र हिंसा र सहश्राब्दि लक्ष हासिलको सम्बन्धको मूल्याङ्कन । जेनेभाः जेनेभा घोषणपत्र । सेप्टेम्बर ।

गिरी, सुरथ । २०१२ । 'अति भयो : बन्द रोक्न नेपाली जागे ।' खबर साउथ एसिया (काठमाडौँ) । वेब संस्करण, २५ अप्रिल । <http://khabarsouthasia.com/en_GB/articles/apwi/articles/features/2012/04/25/feature-01>

हिमालयन समाचार सेवा (काठमाडौँ)। २०१० । ' बन्दले अर्बौं नोक्सान हुँदा अर्थतन्त्रमा गम्भीर असर ।' वेब संस्करण, ७ मे । <http://www.thehimalayantimes.com/fullNews.php?headline=Economy+bleeds+white+as+country+loses+billions+due+to+bandh&NewsID=243331>

आइसिजि (अन्तराष्ट्रिय संकट समूह) । २००५ । नेपालका माओवादी : तीनका लक्ष, संरचना र रणनीति । एसिया प्रतिवेदन सङ्ख्या १०४ । काठमाडौँ ⁄ ब्रसेल्स् : आइसिजि ।

आइडिए (अन्तर-अनुशासनात्मक विश्लेषणकर्ता) र एसिया फाउन्डेसन २०११ । नेपाल ब्यापार अवस्था सर्वेक्षण २०१० । काठमाडौँ : आइडिए र एसिया फाउन्डेसन ।

– र सेफरवर्ल्ड । २००९ । सुधारिएको सुरक्षाको लागि सहि मार्गमा ? सार्वजनिक सुरक्षा, सुरक्षा तथा न्याय प्रावधानबारे परिवर्तित दृष्टिकोणको सर्वेक्षण, नेपालमा । काठमाडौँ : आइडिए र सेफरवर्ल्ड ।

– २०१० । मुश्किलले धानिएको ? २००९ मा नेपालमा सुरक्षा र न्याय । काठमाडौँ : आइडिए र सेफरवर्ल्ड ।

आइडिएमसि (आन्तरिक विस्थापन अनुगमन केन्द्र) । २०१२ । 'करिब ५०,००० मानिस नेपालमा विस्थापित रहेका छन् ।' अप्रिल । http://www.internaldisplacement.org/idmc/website/countries.nsf/%28httpEnvelopes%29/1949E98C81942B55C12571FE004D8821

आइआइडिएस ( एकीकृत सुरक्षा अध्ययन प्रतिष्ठान) । २०११ । 'नेपाल व्यापार अपेक्षा सर्वेक्षण २०११' काठमाडौँ :आइआइडिएस ।

– र साना हतियार सर्वेक्षण । २०१२ । नेपाल व्यापार र सुरक्षा सर्वेक्षण । डाटाबेस, जेनेभा : साना हतियार सर्वेक्षण ।

आइएनइजिआइ ( इन्स्टीच्युट नेशनल डि इस्टाडिस्टीका वाइ जोग्राफिया) । २०१२ । इनक्यइस्टा न्यासिनल डे भिक्टीमाइजेसन डे इम्प्रेसस (इएनभिइ) २०१२। अगुअस्कालिएन्टेज : आइएनइजिआइ ।
http://www.inegi.org.mx/est/contenidos/proyectos/encuestas/establecimientos/otras/enve/enve2012/

इन्सेक (अनौपचारिक क्षेत्र सेवा केन्द्र)। २०१०ए । 'जनजाती महासङ्घको बन्द हड्तालको झडपमा पाँच घाइते ।' मे २१ ।
http://www.inseconline.org/index.

२०१२ बि, 'एम्बुलेन्स सञ्चालन गर्न दिन बन्दकर्तालाई आव्हान' मे २२ ।
http://www.inseconline.org/index.php?type=news&id=9991&lang=enphp?type=news&id=9991&lang=en

हरिवंश । २०११ । 'शान्तिको अर्थशास्त्र : नेपाली दृष्टिकोण ।' ओआरएफ आवधिक कार्यपत्र सङ्ख्या २९ । नयाँ दिल्ली : अबजर्वर रिसर्च फाउन्डेसन, डिसेम्बर ।

जोरस, अलराइक । २००८ । वित्तीय शान्तिनिर्माण : वित्तीय क्षेत्रमा नेपाली द्वन्द्वको प्रभाव र शान्ति स्थापनाको लागि यसको सम्भावना । कार्यपत्र सङ्ख्या ३ । बर्नः स्वीस–शान्ति ।

ज्योति, पद्म र साथीहरू । २००६ । शान्तिको लागि व्यवसाय : द्वन्द्व रूपान्तरण र शान्ति स्थापनामा नेपालको नीजि क्षेत्र संलग्न । रणनीतिपत्र । काठमाडौँ : राष्ट्रिय व्यावसायिक पहल ।

काफ्ले, भाष्कर । २०१० । 'जिल्लाको दृष्टिकोणमा सुरक्षा र न्याय : बारा' । आइएफपि सुरक्षा समूह । ब्रसेल्स : इन्टरनेसनल अलर्ट । अक्टोबर ।

कार्प, आरोन । २०१३ । शान्तिको कम्पनीमा युद्धको विरासत : नेपालमा हातहतियार । एनएभिए विषय प्रस्तुति अङ्क २ । जेनेभा : साना हतियार सर्वेक्षण ।

काठमाण्डु पोष्ट । २०१२ । 'नौ महिनामा पाचौं टक इन्धनको मुल्य बढ्यो' । वेब संस्करण, ५ सेप्टेम्बर । http://wwwekantipur.com/the-kathmandu-post/2012/09/05/metro/unions-protest-fuel-price-hike/239264.html

– २०१३क । 'नेकपा-माओवादीको चन्दा आतंक रोक्न नीजि क्षेत्रको माग' वेब संस्करण, ८ जनवरी http://www.ekantipur.com/the-kathmandu-post/2013/01/08/money/pvt-sector-asks-govt-to-stop-cpn-m-donation-drive/243887.html

– २०१३ बि । 'नेपाली नीजि क्षेत्रको सुरक्षागार्ड अप्ठ्यारोमा ।' वेब संस्करण, १८ जुन । http://wwwekantipur.com/the-kathmandu-post/2013/04/15/development/trouble-shooters/247613.html

खत्री, पुरुषोत्तम । २०११ । 'अवैध हतियारले राजधानीमा अपराध बढायो' । गोरखापत्र (काठमाडौँ)

। वेब संस्करण, २७ नोभेम्बर । http://www.gorkhapatra.org.np/detail.php?article_id=42530&cat_id=4

कोइराला, स्नेहा । २०११ । 'फेरि बन्दहड्ताल' । द हिमालयन टाइम्स, (काठमाडौँ) <http://www.thehimalayantimes.com/perspectives/fullnews.php?headline=The+bandhs+are+back+again&newsid=MzQy>ype=news&id=9991&lang=en

कुमार, ध्रुव । २००३ । 'नेपालमा सैनिकीकृत द्वन्द्वको परिणाम र हिंसाको मुल्य' । नेपाली अध्ययनलाई योगदान, वर्ष ३० ३०, अङ्क २ । जुलाइ, पृ १६७ – २१६ ।

उद्योग विभाग । २०१२ । 'औद्योगिक तथ्याङ्क २०६७/२०६८ ।' काठमाडौँ :नेपाल सरकार ।

मर्सी कर्प्स । २००३ । पश्चिम नेपालमा द्वन्द्वको लेखाजोखा । पोर्टल्यान्ड :मर्सी कर्प्स http://www.mercycorps.org/files/file1137793491.pdf

मुगेलिनी, गियुलिया । २०१२ । इम्प्रेसे भिटिमे डि क्रिमीनलिसा इन इटालिया । ट्रान्सक्राईम रिपोर्ट सङ्ख्या १६ । http://www.transcrime.unitn.it/tc/981.php

– २०१३क । 'ल्याटिन अमेरिकामा नीजि क्षेत्र विरुद्धको अपराध : व्यवसायलाई परेको मारबारे विश्लेषण गर्न उपलब्ध तथ्याङ्क र भावी अभिमुखिकरण ।' रेलिड्याड, डाटोस इस्पासियो रेभिस्टा इन्टर नेसओन डे इस्टाडीस्टीक्ये जोग्राफिया, वर्ष ४, अङ्क २ । मे – अगस्ट । http://www.inegi.org.mx/RDE/RDE_09/Doctos/RDE_09_Art2.pdf

– २०१३ख । नीजि क्षेत्र विरुद्धको अपराध मापन र विश्लेषण : अन्तर्राष्ट्रिय अनुभव तथा मेक्सीकन अभ्यास । अगुस्कालिएनटेस : इन्स्टीट्युटो नेसिओनल डे इस्टाडिस्टीका वाई जोग्राफिया ।

एनबिआइ (राष्ट्रिय व्यावसायिक पहल) । २०१० । नेपालमा व्यवसाय र सार्वजनिक सुरक्षा – प्रभाव र जवाफ । ईन्टरनेसनल अलर्ट । संक्षिप्त द्रष्टव्य । मार्च । http://nbinepal.org.np/publications/4470_NBI+Alert_Nepal_business+security_briefing_March_10.pdf

एनबिएस (नाइजेरियाली राष्ट्रिय तथ्याङ्क विभाग) । २०१० । एनबिएस/इएफसिसिको नाईजेरियामा अपराध तथा भ्रष्टचार र इएफसिसिको सचेतनाबारे सर्वेक्षण, २००७ : तथ्याङ्कीय प्रतिवेदन । अबुजा : एनबिएस ।
http://www.nigerianstat.gov.ng/ext/latest_release/NBS_EFCC%20Survey.pdf

एनसिसिआर (शोधमा योग्यताबारे राष्ट्रिय केन्द्र) । २०१२ । व्यवसाय र शान्तिको पिरामिड । एनसिसिआर नीति संक्षिप्त जानकारी । नीति शृङ्खलाको लागि प्रमाण, विश्व संस्करण, सङ्ख्या ९.९ अगस्ट ।
http://www.nccr-north-south.unibe.ch/publications/Infosystem/On-line%20Dokumente/Upload/NCCR_Global_Policy_Brief_9_Business_&_Peace(1).pdf
http://www.gorkhapatra.org.np/detail.php?article_id=42530&cat_id=4

नेलसन, जेन । २००० । शान्तिको व्यापार : द्वन्द्व रोकथाम र समाधानमा साझेदारको रूपमा नीजि क्षेत्र । लन्डन : फोलियम प्रेस ।

नेपाल । २००६ । बृहत् शान्ति सम्झौता । अनौपचारिक अनुवाद ।
http://www.satp.org/satporgtp/countries/nepal/document/papers/peaceagreement.htm

नेपाल न्युज । २०१३ । 'व्यवसासीको हत्यासँगै देशको खस्कँदो सुरक्षा अवस्थाप्रति नेपाल उद्योग वाणिज्य महासङ्घको चिन्ता ।' ३ फेब्रुअरी ।
http://www.nepalnews.com/archive/2013/feb/feb03/news17.php

न्युकेरला (काठमाडौँ) । २०१२ । 'काठमाडौँमा साना हतियारको अवैध कारोबार चुनौती : प्रहरी' । वेब संस्करण, ८ सेप्टेम्बर ।
http://www.newkerala.com/news/newsplus/worldnews-76469.html#.ULzFHqHhdn6

ओन्डा, एन. डि. 'ऐतिहासिक विनीमय दर : नेपाल http://www.oanda.com/currency/historical-rates/

ओसिआर (कम्पनी रजिस्ट्रारको कार्यालय नेपाल) । २०१३ । 'कम्पनी दर्तासूची' ।
http://www.ocr.gov.np/

पौडेल, महेश शर्मा । २०११ । 'नेपालमा भ्रष्टचार विरुद्धको पहलहरूको सारांश' युएनएएफइआइ स्रोत वस्तु शृङ्खला सङ्ख्या ६८ । http://www.unafei.or.jp/english/pdf/RS_No86/No86_21PA_Poudel.pdf

रा, सुंगसुप र बिपुल सिंह । २००५ । द्वन्द्वको आर्थिक भार मापनः घट्दो विकास खर्चको प्रभाव । एयिसायली बिकास बैंक कार्यपत्र शृङ्खला सङ्ख्या२ । काठमाडौँः एसियाली बिकास बैंक ।

त्याकोभिटा, मिहायला, त्यान मुरे, र सुधिन्ध शर्मा । २०१३ । दिगो सुरक्षाको खोजीमा :नेपालमा सशस्त्र हिंसाको अनुगमन । विशेष प्रतिवेदन । जेनेभाः साना हतियार सर्वेक्षण ।

रिपब्लिका (काठमाडौँ) । २००९ । 'सुरक्षा गार्ड नै खतरामा' । वेब संस्करण, २८ अगस्ट .
http://www.myrepublica.com/~myrepub/portal/index.php?action=news_details&news_id=9109

– २०१२क । 'लगानी वर्षले धेरै हामीलाई उत्साहित गरेन' । वेब सँस्करण, ७ अक्टोबर ।
<http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=43081>

– २०१२ख । 'इन्धनको मुल्य वृद्धि विरुद्धको प्रदर्शन जारी' वेब संस्करण, ६ सेप्टेम्बर । http://www.myrepublica.com/portal/index.php?action=news_details&news_id=41248

सेफरवर्ल्ड । २०१३ । नेपालका केही जिल्लामा स्थानीय सुरक्षा र न्याय प्रावधान प्रतिको दृष्टिकोणका झलक । काठमाडौँ : सेफरवर्ल्ड । मार्च ।
http://www.saferworld.org.uk/downloads/pubdocs/Snapshot-of-local-security-and-justice-perceptions-in-selected-districts-of-Nepal.pdf

समृद्धि । एन. डि. 'कस्ले तिर्छ ? सार्वजनिक व्यापार कोको घाटा किन जनताले तिर्ने ?'
http://samriddhi.org/article_details.php?article_id=458

सेडन, डेभिड र करिम हुसैन । २००२ । द्वन्द्वको परिणाम : नेपालमा जीवनयापन र विकास । कार्यपत्र सङ्ख्या १८५। लण्डन : समुद्रपार विकास प्रतिष्ठान ।

शर्मा, सागरराज । २०१० । 'नीजि क्षेत्र र द्वन्द्वपछिको राज्य निर्माण' । बिष्णुराज उप्रेति र साथीहरू, पृ ४७– ६४ ।

श्रेष्ठ, पुरुषोत्तममान । २००७ । नेपालमा नगरपालिका तहमा भौतिक संरचनाको व्यवस्था सेवा प्रदानमा भ्रष्टाचार । युद्ध भ्रष्टाचार शृङ्खला । लोबोरो : जल, इन्जिनियरिङ र विकास केन्द्र, लोबोरो विश्वविद्यालय ।
https://wedc-knowledge.lboro.ac.uk/details.html?id=14693

थापा, अशोक । २०१० । 'सुरक्षा सेवा व्यवसाय फस्टाउँदै' । रिपब्लिका (काठमाडौँ) । वेब संस्करण, २५ सेप्टेम्बर ।

टिआइ (ट्रान्सपरेन्सी इन्टरनेसनल ) । एन. डि. भ्रष्टाचार बोध सूचकाङ्क : तालिका र क्रम ।
http://cpi.transparency.org/cpi2012/results/–

२०१३ । 'भ्रष्टाचारमा देशअनुसारको वर्गिकरण : नेपाल' http://www.transparency.org/country#NPLसंयुक्त अधिराज्य गृह मन्त्रालय । २०१३ । व्यवसाय विरुद्ध अपराध : २०१२ व्यावसायिक मारको सर्वेक्षणमा प्राप्त शिर्षक । लण्डन : गृह मन्त्रालय ।

युकेटिआइ (संयुक्त अधिराज्य व्यापार र लगानी ) । २०१२ । 'वैदेशिक व्यापार जोखिम : नेपाल' । डिसेम्बर । http://www.ukti.gov.uk/uktihome/premium-content/115547.html

युएनसिटिएडि (संयुक्त राष्ट्रसङ्घ व्यापार तथा विकास सम्मेलन) । २०१३ । विश्व लगानी प्रतिवेदन । जेनेभा : संयुक्त राष्ट्रसङ्घ प्रकाशन । युएनसिटिएन (संयुक्त राष्ट्रसङ्घ, नेपाल समूह) ०११ । मानव आकृति सहितको देशको विश्लेषण । काठमाडौँ : युएनसिटिएन
http://un.org.np/sites/default/files/Nepal_CountryAanalysis_2011_Feb2013.pdf

युएनएनआइपि (संयुक्त राष्ट्रसंघ नेपाल प्लेटफर्म)। २०१२ । सेती नदीमा आएको बाढीको जानकारी। वस्तुस्थिति प्रतिवेदन ०४। १० मे।

युएनआरएचसिओ (संयुक्त राष्ट्रसङ्घीय आवासिय तथा मानवीय कार्य संयोजकको कार्यलय)। २०१०।
'नेपाल : बन्द र हड्तालको प्रतिवेदन, १ – ३१ डिसेम्बर२०१०'http://un.org.np/maps/nepal-reports-bandhs-blockades-1-31-december-2010

– २०११। 'नेपाल : बन्द र हड्ताल प्रतिवेदन, १ – ३१ डिसेम्बर २०११'http://www.un.org.np/maps/nepal-reports-bandhs-strike-1-31-december-2011

– २०१२क। 'नेपाल : बन्द र हड्ताल प्रतिवेदन, १ – ३१ डिसेम्बर २०१२
'http://un.org.np/maps/nepal-reports-bandhs-strike-1-31-december-2012

– २०१२ख।'नेपालबारे मासिक जानकारी'सेप्टेम्बर। http://reliefweb.int/sites/reliefweb.int/files/resources/Nepal_Monthly_Update_September%25202012.pdf

– २०१३। 'नेपाल : बन्द र हड्ताल प्रतिवेदन, १ – ३० जुन २०१३
'http://un.org.np/maps/nepal-reports-bandhs-strike-1-30-june-2013

युएनएसटिएटिएस (संयुक्त राष्ट्रसङ्घ तथ्याङ्क शाखा)। २०१३। सबै आर्थिक गतिविधीको अन्तराष्ट्रिय मापदन्डको औद्योगिक वर्गिकरण, रेभ.४'।

http://unsta ts.un.org/unsd/cr/registry/regcst.asp?Cl=27

उप्रेति, विष्णुराज। २००६। नेपालको सशस्त्र द्वन्द्व : विकास र स्रोत-शासनको लागि सुरक्षा असर। काठमाडौं : उत्तर-दक्षिण शोधमा योग्यतासम्बन्धि स्वीस राष्ट्रिय केन्द्र।

उप्रेति, विष्णुराज र साथीहरू, इडिएस. २०१०। राज्यको पुनःनिर्माण : नेपालमा द्वन्द्वपछिको चुनौती र राज्य निर्माण। काठमाडौं :उत्तर-दक्षिण शोधमा योग्यतासम्बन्धि स्वीस राष्ट्रिय केन्दको दक्षिण एसिया क्षेत्रीय कार्यालय र काठमाडौं विश्वविद्यालयको मानव तथा प्राकृतिक स्रोत अध्ययन केन्द्र।

युएसएड (संयुक्त राज्य अन्तर्राष्ट्रिय विकास सहयोग नियोग)। २०१०। 'नेपालको आर्थिक पुनउत्थानको लेखाजोखा'
http://nepal.usaid.gov/downloads/all-downloads/category/4-economic-growth-education.html?download=112%3Anepal-economic-recovery-assessment

वेइजेल, डेवोराह। २००५। दोहोरो मारको विश्लेषण। औजार निर्देशिका सङ्ख्या ४। समस्या-केन्द्रित नीतिनिर्माण केन्द्र।

tp://www.popcenter.org/tools/repeat_victimization/>

वेनमान, अचिम। २००९। नेपालमा सामाजिक–आर्थिक असमानता र शान्ति। द्वन्द्व, विकास र शान्तिस्थापना केन्द्र, कार्यपत्र सङ्ख्या २, जेनेभा : सिसिडिपी।

डब्लुएफपि (संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रम)। २००९। व्यवस्थापनको लागत : नेपालमा जटिल अवस्थाको मुठभेड र भरपर्दो खाद्य सुरक्षा गिरावटको प्रभाव। काठमाडौं : डब्लुएफपि।

डब्लुएचओ (विश्व स्वास्थ्य सङ्गठन)। २००५। हिंसा र विपद्। घाइते तथा हिंसा रोकथाम विभाग। जेनेभा : डब्लुएचओ।
http://www.who.int/violence_injury_prevention/publications/violence/violence_disasters.pdf

विश्व बैंक। एन. डि. ए. 'तथ्याङ्क : नेपाल' http://data.worldbank.org/country/nepal>

–एन. डि.बि औद्योगिक सर्वेक्षण। <http://www.enterprisesurveys.org/Data/ExploreEconomies/2009/nepal#corruption>

# नेपाल सशस्त्र हिंसा अनुगमनबारे

नेपाल सशस्त्र हिंसा अनुगमन (नाभा) साना हतियार सर्वेक्षणको एक परियोजना हो। यसले नपालका सरकारी अधिकारी, नागरिक समाज र अन्तर्राष्ट्रिय साझेदारलाई स्वतन्त्र शोध-अध्ययनको लागि स्रोतसामग्री उपलब्ध गराउँछ। नाभाले आफ्नो शोध-अध्ययनको आधार सामग्रीका रूपमा प्राथमिक र दोस्रो तह दुवैखाले तथ्याङ्कको समिश्रण प्रयोग गर्ने गर्दछ। यद्यपि मुलतः स्थलगत अध्ययनबाट प्राप्त मौलिक तथ्याङ्क र यसको विश्लेषणमा नै जोड दिन्छ। यसका विधिहरूमा विज्ञहरूसँग गहन अन्तर्वार्ता, संचार-माध्यममा आएका समाचारको विश्लेषण, केन्द्रिकृत समूह छलफलहरू र जनसङ्ख्यामा आधारित सर्वेक्षणहरू पर्दछन्।

नाभाले देहायका विषयमा खोज गर्दछ :

- साना हतियार ओसार-पसार, तस्करी, उपलब्धता र नियन्त्रणस
- सशस्त्र व्यक्तिका प्रकार र चरित्र
- सशस्त्र हिंसा र यसको पीडाको वितरण र मात्रा
- सशस्त्र हिंसा र यसको आर्थिक प्रभावबारेमा अवधारणा
- सञ्चार माध्यममा सशस्त्र हिंसासम्बन्धि सामग्रीको प्रतिनिधित्व र प्रस्तुति।

नाभाका प्रकाशनहरु - जसमा कार्यपत्र र विषय प्रस्तुतिहरु पर्छन् - ले शोधअ(ध्ययनबाट आएका नतिजा, र हिंसा, यसको प्रभाव, पीडक र पीडित, र रोकथाम र न्यूनिकरणको लागि रणनीतिसँग सम्बन्धित विषयमा ज्ञानको सारांश दिन्छ। नाभाका प्रकाशनहरु नेपाली र अग्रेंजी दुवै भाषामा उपलब्ध छन्। तिनलाई वेबसाइट http://www.nepal-ava.org/ बाट डाउन-लोड गर्न सकिन्छ।

मुद्रित प्रति साना हतियार सर्वेक्षणमा उपलब्ध छ।

## श्रेय :

लेखक : मिहायला त्याकोभिटा, विनोद श्रेष्ठ र अश्वत्थामा पोखरेल
अनुवादक : ठाकुर अंगाई (thakur.amgai@gmail.com)
प्रुफरिडर : नयन पोखरेल (nayanpokhrel@gmail.com)
साज-सज्जा :सीता खड्का (seeta.khadka@gmail.com)

## सम्पर्क विवरण :

साना हतियार सर्वेक्षण
४७ एभेन्यु ब्लाङ्क, १२०२ जेनेभा, स्विजरल्याण्ड

टेलिफोन : + ४१ २२९०८५७७७
फ्याक्स् : + ४१ २२ ७३२ २७३८
इमेल : info@smallarmssurvey.org

GENEVA DECLARATION
Australian AID
Supported by Australian Aid, AusAID
NEPAL ARMED VIOLENCE ASSESSMENT
small arms survey